## सम्पादकीय

# एकता र ध्रुवीकरण

प्रतिक्रियावादी कित्तामा एकता र ध्रुवीकरण चलिरहँदा क्रान्तिकारी कित्तामा पनि एकता र ध्रुवीकरणको लागि दबाब बढेर गएको छ । स्थानीय, प्रदेश र प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भएर प्रतिक्रियावादी संसदीय व्यवस्था सुदृढ हुँदै गर्दा तीन ठूला दलहरूले बनाएको निर्वाचन कानुन र थ्रेसहोल्डको व्यवस्थाका कारण पाचवटा पार्टी मात्र राष्ट्रिय पार्टी बनेका छन् भने निर्वाचनमा होमिएका अधिकांश दलहरू अस्तित्व रक्षाको संकटमा धकेलिएका छन् । साना पार्टीहरू यतिखेर विचार र एजेण्डा मिल्नेहरूसँग एकता गर्न वाध्य भएका छन् । यही पृष्ठभूमिमा संसदीय व्यवस्थाका विरुद्ध आन्दोलन गरिरहेका शक्तिहरू अर्थात् नयाँ जनवादी क्रान्तिका पक्षधर शक्तिहरू पनि एकताबद्ध भएर क्रान्तिको तयारीमा घनिभूत रूपले लाग्नुपर्ने परिस्थितिको बाध्यता बढ्दो अवस्थामा छ ।

नेपालमा अहिले क्रान्तिकारी शक्तिको रूपमा नेकपा (क्रान्तिकारी माओवादी) र नेपाल कम्युनिष्ट पार्टी रहेका छन् । निर्वाचनको क्रान्तिकारी उपयोग गरेको क्रान्तिकारी माओवादी यतिखेर देशव्यापी रूपमा संगठन विस्तार तथा सुदृढीकरण र जनपरिचालनको योजना लिएर जनताको घर घरमा पुगेको छ भने नेपाल कम्युनिष्ट पार्टी आगामी योजना निर्माणको लागि केन्द्रीय समितिको बैठकमा जुटेको छ । दुवै पार्टीका समर्थक जनता, कार्यकर्ता तथा नेताहरूले पनि एकतामा जोड दिइरहेका छन् ।

एकता तथा ध्रुवीकरणको अनौपचारिक छलफल चलिरहेको पृष्ठभूमिका यी दुई पार्टीबीच एकताका निम्ति केही जटिलताहरू भने अवश्य विद्यमान छन् । ती जटिलताहरू देश र जनता, क्रान्ति र परिवर्तनलाई केन्द्रमा राखेर इमान्दारितापूर्वक छलफल चलाउने हो भने सहजै हल गर्न सकिने छ । नेत्रविक्रम चन्द नेतृत्वको नेकपाले नयाँ जनवादी क्रान्ति संक्रमणकालीन हुने भन्दै वैज्ञानिक समाजवादलाई क्रान्तिको मूल लक्ष्य बनाएको छ भने मोहन वैद्य'किरण' नेतृत्वको क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिलाई मुख्य बनाएको छ । नेपाली समाजको वर्गविश्लेषण, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय कम्युनिष्ट आन्दोलनका सकार र नकार पक्षको वस्तुनिष्ठ विश्लेषण र अहिलेको साम्राज्यवाद, सूचना तथा विज्ञान प्रविधिले सर्वहारा क्रान्तिमा खडा गरेको चुनौतीका विषयमा विना आग्रह गरिने छलफलले निचोड र निष्कर्ष निकाल्न सहयोग पुऱ्याउने छ र सहमति नजिक पुऱ्याउने छ ।

एकता वा ध्रुवीकरणलाई दाउपेच र छलकपटको रूपमा, एकले अर्कोलाई कमजोर पार्ने वा निषेध गर्ने नियत राखेर गर्न खोजियो भने यो यसले क्रान्तिलाई योगदान पुऱ्याउँदैन र त्यसले क्रान्तिलाई अझ अलगावमा पार्न सक्छ । यसर्थ, छलछाम र षड्यन्त्र होइन, खुल्ला र स्पष्ट भएर यो कोर्सलाई अगाडि बढाउने अभिभाराको अहिले क्रान्तिकारी माओवादीको काँधमा आएको छ । क्रान्तिकारी माओवादीले पहल लिएर क्रान्तिकारीहरूलाई एकताबद्ध र ध्रुवकृत गराउन भूमिका खेल्नुपर्ने छरिएर रहेका क्रान्तिकारीहरूले भनिरहेका छन् ।

राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू दिनदिनै विकराल बनेर गइरहेको अवस्थामा आमूल परिवर्तनका पक्षधर जनता र राष्ट्रिय स्वाधीनताका पक्षधर जनताको विशाल हिस्सा सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूको प्रतीक्षामा रहेका छन् । अन्तर र्राष्ट्रिय भाइचरा शक्तिहरू पनि नेपालमा सच्चा कम्युनिष्ट क्रान्तिकारी एउटै झण्डामुनि गोलबद्ध भएर नेपालको क्रान्तिलाई अगाडि बढाएको हेर्न चाहन्छन् । रणनीतिक प्रत्याक्रमणको दोस्रो चरणसम्म पुगेको तत्कालीन जनयुद्धलाई विघटन गरेपछि नेपालबाट सच्चा कम्युनिष्ट क्रान्तिकारीहरूलाई माटियामेट पारियो, माओवादी आन्दोलन विसर्जित भयो भनेर हल्ला चलाइरहेका देशी विदेशी प्रतिक्रियावादी, संशोधनवादीहरूलाई गतिलो जवाफ दिन र मुलुकमा गरिखाने श्रमजीवी जनताको साँच्चैको सुदिन ल्याउन फेरि पनि क्रान्तिको विकल्प छैन । एक करोडको संख्यामा विदेशी भूमिमा श्रम, पसिना र रगत बगाएर जीवन चलाउन बाध्य नेपाली श्रमजीवि वर्गलाई समेत क्रान्तिमा सहभागी गराउने गरी कार्ययोजना तयार पारेर अगाडि बढ्न सकेको खण्डमा जनताको जित सन्निकट छ । क्रान्तिको भविष्य उज्ज्वल छ । ठोस परिस्थितिको ठोस विश्लेषण गर्न र पहलकदमी लिन क्रान्तिकारीहरू खप्पिस हुनै पर्दछ ।

परिवर्तनको सम्वाहक

मूलबाटो

सत्यतथ्य निष्पक्ष खबर तथा विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौं ।

www.moolbato.com

# कम्युनिष्ट पार्टीभित्रका सानातिना निम्न पुँजीवादी रोगहरू



● मीनकुमार ●

नेपालमा नयाँ जनवादी क्रान्तिको सक्रिय थालनीको लागि वस्तुगत अवस्था परिपक्व बन्दै गइरहेकोप्रति हामी क्रान्तिकारीहरूले आवश्यक ध्यान दिन जरुरी देखिएको छ । नेपाली कम्युनिष्ट आन्दोलनमा विडम्बना भनौं या नियति, परिस्थितिको बहानामा कि त दक्षिणपन्थी बाटो अवलम्वन गर्दै संसद्‌वादमा फसेर प्रतिक्रियावादमा पतन हुने, कि त सानो झुण्डमा रमाउँदै समय परिस्थिति आएपछि क्रान्ति आफैं भइहाल्छ, गर्नु परे पनि सबै तानावाना मिलेपछि मात्रै गर्नुपर्छ, कसैले चाहँदैमा अहिले तुरुन्त क्रान्ति भइहाल्ने विषय होइन भन्दै अन्तरसंघर्षको नाममा संकीर्ण सोचका साथ सानातिना विषयहरूलाई लिएर आफैभित्र मारामार गर्दै टुटफुट र विभाजन हुने र उठ्नै नसक्ने अवस्थामा पुग्ने रोगको महामारी लामो समयदेखि चल्दै आएको देखिन्छ । जुन-जुन कम्युनिष्ट पार्टीहरू र नेताहरू प्रतिक्रियावादमा पतन भए उनीहरूको त अलग विषय र चरित्र भइहाल्यो । तर आफूलाई क्रान्तिकारी पार्टी र नेताहरू भन्ने र यी पार्टी र नेताहरूचाहिं इमान्दार क्रान्तिकारी हुन है भनी जनताबाट समेत आशा र अपेक्षा गरिएकाहरूमा पनि निम्न पुँजीवादी चिन्तन अधिक मात्रामा हुनुले चिन्ता बढ्नु स्वाभाविक हो । क्रान्ति आफै र निरन्तरतामा हुँदैन, यो त सक्रिय पहलकदमी लिएर, जनतालाई झकझकाएर र निरन्तरतामा क्रमभंग गरेर मात्र हुने विषय हो । यसको लागि सचेतन पहलकदमीको साथमा साहस एवं हिम्मत, इमान्दारिता र बलीदानी भावनाबाट प्रेरित भएर मात्र हुनसक्छ ।

क्रान्तिकारी आशावादमा विश्वास गर्न सक्नु पर्दछ । क्रान्तिमा क्रान्तिकारी आशावाद मऱ्यो भने निराशा पैदा हुन्छ र त्यो शून्यवादमा पतन हुन्छ, क्रान्तिको लागि त्यो घातक हुन्छ । हाम्रो यो आन्दोलनमा क्रान्तिकारी आशावाद मर्दै गइरहेको हो कि भन्ने अनुभूति भइरहेको छ । साहस र इमान्दारिताको द्वन्दवादको सही बुझाइ र प्रयोग हुन पनि आवश्यक देखिन्छ । हाम्रो आन्दोलनको इतिहासमा साहसी बन्नेहरू इमान्दार देखिएनन् र इमान्दारहरू साहसी देखिएका छैनन् । उसको साहस र विवेकलाई आफ्नो व्यक्तिगत स्वार्थ, लाभ र प्रतिष्ठामा प्रयोग गर्ने हो भने परिवर्तन सम्भव छैन । परिवर्तन जनता र देशको लागि हुन्छ, व्यक्तिगत लाभलाई परिवर्तन मानिदैन । त्यसलाई त हद दर्जाको बेइमानी र छलकपटपूर्ण रूपमा देखाइएको परिवर्तन मान्नुपर्छ । इमान्दार बनेर मात्र पनि त हुँदैन, इमान्दारहरूले त परिवर्तनको लागि केही (विवेकपूर्ण ढंगले साहसिक काम) गर्ने हिम्मत गरी ठूला र खतरनाक चुनौतीहरूसँग खेल्न सक्नु र जान्नु पर्दछ । अर्को कुरा, सिद्धान्तलाई वस्तुसम्मत किसिमले व्यवहारमा लागु गर्ने कुराको पनि कमी देखिएको अनुभूति हुन्छ । केवल मार्क्सवादका पुराना उक्तिहरूलाई मात्र व्याख्या गरेर क्रान्तिकारी हुँदैन । पक्कै पनि समाज विकासको क्रममा आधारभूत कुरालाई छोडेर कयौं नयाँ अवस्था, बुझाई, अनुभूति, वर्गचरित्र र अन्तरविरोधहरूमा परिवर्तनहरू आएका छन् । त्यसको पहिचान र त्यससँग मार्क्सवादलाई मिलाउनु चाहिं क्रान्तिकारी बुझाइ हुन्छ । हामीमा यसको पनि कमी छ कि ?

टुक्रे उत्पादनको प्रभाव र व्यक्तिगत सम्पत्तिमा आधारित सोचको कारण ग्रसित भएको निम्न पुँजीवादी सामाजिक धरातलबाट कम्युनिष्ट पार्टीमा आएका हामी सबै सदस्यहरू निम्न पुँजीवादी चिन्तनबाट धेरै प्रभावित छौं । फलस्वरूप हाम्रा केही व्यक्तिगत र पारिवारिक समस्याको फन्दामा फसेर निजी काममा अधिक समय खर्च गर्दैछौं । त्यसक्रममा समाजमा अरुले राम्रै आर्जन गरेको पनि देख्दछौं र त्यसलाई हेरेर अझै हराउने फन्दामा फस्ने क्रम पनि जारी छ । त्यसो हुँदा पार्टी र क्रान्तिको कामको लागि समय बच्दै बच्दैन र थोरै बचेको समय पनि सिर्जनात्मक तरिकाले खर्च गर्न सकिराखेका हुँदैनौं । यसले गर्दा पार्टी र क्रान्तिको बारेमा, देश र जनताको बारेमा सोच्ने फुर्सदसम्म पनि नभइरहेको हामी पाउँछौं । यस्तो अवस्थामा आफैं भित्र एउटा क्रान्ति चलाउन सक्नुपर्छ । घरको न घाटको अवस्थामा आफूलाई पुऱ्याएर कसरी क्रान्तिमा योगदान दिन सकिन्छ । व्यक्तिगत कामलाई भन्दा पार्टीको कामलाई महत्व दिन नसक्नु हाम्रो ठूलो कमजोरी हो भनेर अब नबुझ्ने हो भने, पार्टीमा त निःस्वार्थ भएर स्वयम्‌सेवकको रूपमा म खट्न आएको हो र मैले नगरी क्रान्ति कसले गर्छ भन्ने भावनाको विकास गर्न नसक्ने हो भने परिवर्तन सम्भव छैन । पार्टी सक्रिय अवस्थामा नहुनु, जनतामा पनि अब पार्टी छैन कि क्या हो भन्ने अवस्था आउनु र गरिएका निर्णयहरू कार्यान्वयन नहुनुमा यसको पनि केही हात छ । पार्टीभित्र यस्तो समस्याको हल भनेको पार्टीको योजना र कार्यक्रम लिएर निरन्तर जनताकोमा जानु, परिआउने समस्याको समाधान पनि त्यही खोज्नु हो र पार्टीमा निरन्तर वैचारिक स्कुलिङ चलाउनु पनि हो ।

निम्न पुँजीवादी चिन्तनकै कारण उत्पन्न हुने र गलत कल्चरको रूपमा विकास भएको एउटा समस्या, सरदर सबै पार्टीमा देखिएको, तर विशेषगरी कम्युनिष्ट आन्दोलनसँग सम्बन्धित वामपन्थी पार्टीहरूमा अधिक मात्रामा देखिएको खराब चरित्र हो, 'छिन छिनमा पार्टी परिवर्तन गर्ने प्रवृति', यो पनि मुख्य समस्याको रूपमा देखिन आएको छ । विचार र कार्यदिशामा असहमत भएर पार्टी फुट्नुलाई त स्वाभाविक रूपमा लिन सकिन्छ तर कुनै एउटा व्यक्ति आज एउटा पार्टीमा उभिएर जनताको अगाडि त्यो पार्टीको नीति तथा कार्यक्रमको बारेमा बोल्दै लागु गर्ने प्रतिबद्धता व्यक्त गर्दछ, कुनै अर्को पार्टीको खरो विरोधमा पनि उत्रन्छ, तर ऊ भोलिपल्ट आफ्नै कुरालाई काटेर आफूले विरोध गरेको पार्टीमा प्रवेश गरी त्यसैको गुणगान गाउँछ र हिजो आफू रहेको पार्टीको घोर विरोध गर्छ । यो कल्चरले सबभन्दा धेरै क्षति नेपाली कम्युनिष्ट आन्दोलनमा भएको छ । यस्ता नैतिक हरामहरूको भ्रमले गर्दा सबै पार्टीहरू उस्तै हुन् भन्ने कुरा जनतामा पर्न गएको छ । जनतालाई कुन पार्टी राम्रो, कुन पार्टी नराम्रो छुट्याउन गाह्रो पनि भइराखेको छ । यस्तो कल्चरको विरुद्धमा दह्रो संघर्षको आवश्यकता छ ।

अर्को समस्या पनि उस्तै जटिल रूपमा देखा परिरहेको छ, त्यो भनेको अध्ययन नगर्ने र सूचना प्रविधिसँग अलगथलग रहने । यसको मतलब पुरानो अनुभवको आधारमा बोल्ने, घिसेपिटे पाराले जवाफ दिने कुरा र सूचना सञ्चार अनि विकास भएका नयाँ प्रविधिको बारेमा ज्ञान लिन नचाहने वा त्यसलाई सिक्न चाहनेको लागि समेत सिक्ने प्रबन्ध नहुँदा पार्टीको काम प्रभावकारी हुन सकिराखेको छैन एक, दोस्रो अहिलेका नयाँ पिढीलाई हाम्रा दृष्टिकोण, विचार र कार्यक्रमबाट सुसूचित एवं प्रभावित गर्न सकिराखेका छैनौं । त्यसकारण कम्युनिष्ट पार्टीप्रति र त्यसको विचारप्रति युवापिढी पूरै अनभिज्ञ भइरहेको छ, त्यसले गर्दा आन्दोलन त कमजोर भएको छ नै त्यसमाथि नेतृत्व विकासको क्रम पनि रोकिने अवस्था सिर्जना भइरहेको छ । अहिलेको विश्वमा सूचना प्रविधिले जुन विकास गरेको छ, त्यही संसारमा अहिलेका युवापिढीहरू उनीहरूको आर्थिक अवस्था जे जस्तो भए तापनि व्यस्त भएको देखिन्छ । त्यसलाई अब पनि बेवास्ता गर्ने हो भने आन्दोलनको विकास गर्न मुस्किलै पर्दछ । साथै अध्ययनशील नबन्दा बाहिरी कुराको प्रभाव चाँडो पर्ने र पार्टीको जिम्मेवार स्थानमा भए पनि उसमा ठूल-ठूला उतारचढावहरू आउने गरेको देखिन्छ । हुन त ज्ञान प्राप्त गर्ने माध्यम व्यवहार एवं वर्गसंघर्ष नै हुन्छ, तथापि कतिपय कुराहरू अध्ययनबाट नै सिक्नुपर्ने हुनाले, त्यसमा पनि ध्यान दिन जरुरी छ ।

हाम्रो आन्दोलनमा अर्को समस्याको रूपमा देखिएको विषय भनेको संवेदनशील र जुझारु बन्ने समस्या पनि छ । हरेक विषयलाई संवेदनशील रूपमा लिन सकिराखेका छैनौं । जे छ त्यही चलिरहन्छ, हुने कुरा हुँदै गर्छ भन्ने जसरी सोच्ने तरिका । यस्ता निर्णयहरू विगतमा पनि भएका थिए, पछि पनि हुने छन् भन्ने जसरी ...बाँकी ७ पेजमा

## झर्रोटर्रो

✍ कैलुब्राह

# फैसला

यमराजको उच्च अड्डामा केही वर्ष अगाडिदेखि एउटा मुद्दा चलेको थियो । हुन त उच्च अड्डामा एउटा मात्रै नभएर हजारौं मुद्दाहरू हुन्छन्, चलिरहन्छन् । तर एउटा मुद्दामा भने ने नामका मुनिले राज्य गरेको भूलोकमा निकै चर्चा, चासो र चिन्ताको विषय बनेको हो । मुद्दाले केही वर्ष गुजाऱ्यो । विचाराधिनमा रहेको मुद्दा गएको हप्ता मुख्य इजलासबाट फैसला भई आयो । मुख्य इजलास सर्वमाननीय परम् पूज्य प्रमुख न्यायमुर्ति महाराज र उहाँका भित्रियापट्टिका सहायक न्यायमुर्तिको थियो । सो इजलासले विगतमा विवादमा रहेर यमलोकमा चर्को आन्दोलन चर्किएपछि पदबाट हटाइएको विषयमा पुनर्वहालीको फैसला गरेको थियो । रोगी मनुखेहरूको शरीर काटकुट पारेर चिरफार गर्ने, ओक्तोमुलो गर्ने डाक्टर जन्माउने विषयको पढाई हुने कलेजको सोही डिपार्टको मुखिया नियुक्तिको विषयमा झैझमेला परेर झगडा परेपछि निज मुखियालाई पदबाट हटाइएको विषयमा यमराजको उच्च अड्डामा पदवहाली गरिपाउँ भनी दिइएको मुद्दा थियो त्यो । उतिवेला नियुक्त गर्ने निकायबाटै हटाइएका मुखियालाई यमराजको उच्च अड्डाबाट निजलाई पुनर्वहाली गर्नु भनी फैसला हानेपछि उक्त फैसलाका बारेमा जोडदार प्रश्न उठ्यो ।

उच्च अड्डाको फैसलाको विषयलाई लिएर मनुखेका हाडखोरका बारेमा ओक्तोमुलो गर्ने एकजना डाक्टरले त्यस निर्णयमा धनधान्यको चलखेल भएको, सो फैसला गर्ने प्रमुख र उनका सहयोगी अपवित्र भएको, ऊ न्यायमुर्ति हुन योग्य नभएको, उसको जन्मकुण्डली पनि दुईवटा भएको आदि इत्यादि भन्दै सार्वजनिक रूपमा भण्डाफोर गर्दै विरोध गरे । त्यसपछि त प्रमुख न्यायमुर्तिको पारो तातियो । कन्सिरीका रौं बँदेलका जग्गरझैं ठाड्ठाडा भए । संविधानको व्याख्या गर्ने, रैती मनुवा भन्दा उच्च दर्जाको, प्रेतकालका राजाहरू भन्दा पनि माथिल्लो दर्जाको, कस्लाई ठेँडुकोमा कोच्ने र कस्लाई उन्मुक्ति दिने भनेर 'भाग्य'को निर्धारण गर्ने, नियम, कानून मुठीभित्रै राखेको, यत्रो ओहोदाको परमाधिपतिलाई नानाथरीका नन्दीभृङ्गीका आरोप लगाउने हैसियत कसरी प्राप्त भयो ? यो त उच्च अड्डाकै घोर अपमान हो, जघन्य प्रकारले मानमर्दन भयो भन्दै आफ्ना कारिन्दालाई अह्रनखटन गरेर निज डाक्टरका पनि डाक्टर महाडाक्टर कहलिएका विरोधीलाई पक्राउ गरी ठेँडुकोमा कोच भन्दै आफ्ना यमदूतहरू खटाए । तत्क्षण कुनै विलम्व नगरी यमदूतहरू निज विरोधीको कार्यथलोमा गएर पक्राउ गरी उच्च अड्डामा हाजिर गराए ।

डाक्टर पनि केको कम्ता थिए र । 'लौ लैजाऊ मलाई जहाँ लैजान्छौ, म त ज्यानको बाजी थापेर यो राज्यका सबै क्षेत्रका कुलाङ्घार हरूका विरुद्ध लडेको छु' भने । त्यसपछि खुरुखुरु यमदूतको गाडिमा चढेर यमराजको उच्च अड्डामा हाजिर भए । उच्च अड्डामा उनको वयान लिइयो । वयान यस्तो रह्यो :

प्रश्न : हाम्रो प्रमुख न्यायमुर्ति भनेको नियम कानून, संविधान र उहिलेका राजामहाराजा भन्दा पनि ठूलो होइस्सिन्छ, तिमीजस्तो रोगले मर्न लागेका मनुखेका गुहुमुत सोहर्ने, ऱ्यालसिगान पुछ्ने, भाँचिएका हाडखोर जोड्ने नाथे जस्तो हो र ? मनुखेलाई सतको सत न्याय दिने पो हो त बुझ्यौ ? यस्ता सर्वश्री परमाधिपतिलाई नानाभाँती आरोप लगाएर मानमर्दन गरेर वक्तव्यबाजी गर्ने तिमी को हौ ? आफ्नो तीनपुस्ते सहित बताऊ ?

उत्तर : हो हजुर म तपाईंले भनेजस्तै रोगी मनुखेको स्याहार सुसार गर्छु र उनलाई साँच्चैको मनुखेन्याय दिन्छु । तपाईंका प्रमुखले त घोर अन्याय गरेर बासी मुद्दामा फैसला हान्नुभो' । यसमा पक्कै पनि लेनादेनाको सम्बन्ध भएको मलाई शङ्का छ । जहाँसम्म मेरो तीन पुस्तेको कुरा छ, म मेरा हजुरबाउको नाति, आफ्नै बाउको छोरो हाडखोरे डाक्टर हुँ ।

प्रश्न : रोगी मनुखेको सङ्गत गर्दागर्दै तिम्रो दिमाग खुस्किए जस्तो छ । तिमी बौलाएका त छैनौ ? नत्र यसरी हाम्रा प्रमुखज्यूको मानमर्दन गर्न सद्दे मनुखेले कसरी सक्छ ?

उत्तर : मलाई कुनै प्रकारको रोग छैन । म सद्दे छु । बरू तपाईका प्रमुख श्रीमान्‌को दिमाग पो चेक गर्नु पर्छ कि ? नत्र ३ करोड मनुखेको स्वास्थ्यमा खेलबाड गर्ने गरी फैसला कसरी गर्नुहुन्थ्यो ? मलाई समर्थन गर्नेहरू साराका सारा सडकमा ओर्लिएर मरो पक्षमा नाराबाजी गरेका छन् । वकिल पनि सय भन्दा बढिले समर्थन गऱ्या छन् । तपाइँका त सरकारी हण्डि खाएका गोडा चारेक वकिलले मात्रै समर्थन गऱ्या छन् । मैले उठाएको कुराले कत्रो तहल्का मच्चाएको छ बुझ्नु भो ?

प्रश्न : यहाँ के कति कारणले र किन आएको ?

उत्तर : आफैलाई सोध्नु यो प्रश्न । आफैले यमदूत पठाएर विरामीको ओक्तोमुलो गर्न थालेको मनुखेलाई पक्डेर यहाँ ल्याउने, उल्टो मलाई के कामले किन आएको भनेर सोध्ने ? हैन यो अड्डाखाना होकी दिमाग खुस्केकाहरूको कचहरी थलो ? बरू मलाई भनियोस् के कति कारणले पक्डेर यहाँ ल्याएर केरकार गरिँदै छ ?

प्रश्न : प्रमुख न्यायमुर्ति भन्नु नै प्रमुख उच्च अड्डा हो । न्यायमुर्तिको विरोध र मानमर्दन गर्दा अड्डाको नै मानमर्दन हुन्छ भन्ने तिमीलाई थाहा छैन ?

उत्तर : मैले उच्च अड्डाको मानमर्दन गरेको छैन । प्रमुखको अत्याचारी र भ्रष्टाचारी निर्णयको मात्रै बिरोध गरेको हुँ । यहाँ पनि गर्छु । तपाइँका प्रमुख अयोग्य हो । यस्ता अयोग्यले गरेको फैसला अन्यायपूर्ण नै हुन्छ भन्ने मेरो ठहर छ । उहाँको योग्यता र जन्मकुण्डी समेत छानविन गरियोस् ।

यसरी यमराजको उच्च अड्डामा वहस भयो । मुख्य न्यायमुर्तिको विरोधमा उत्रिएका हाडखोरे डाक्टरलाई केहीदिन थुनामा राख्ने आदेश भयो । उनलाई त्यहाँबाट यमदूतहरूले आफ्नो गाडिमा हाले र खोरतिर लगे । सुन्नेलाई सुनको माला, लेख्नेको नाङ्गो छाला, यो कथा खबरकागजमा जाला र अन्त्यमा अनलाइनले खाला ।

*२८ पुस २०७४*

*kailubraha73@gmail.com*

# ‘समाजवादी यथार्थवादी साहित्य गतिशील हुन्छ’

*(‘वर्तमान समयमा साहित्य सिर्जना र अक्टोबर क्रान्तिको सान्दर्भिकता’ विषयमा इच्छुक साँस्कृतिक प्रतिष्ठानले शनिबार बहस कार्यक्रमको आयोजना गऱ्यो । नेकपा (क्रान्तिकारी माओवादी), नेकपा, एमाले र माओवादी केन्द्र निकटका स्रष्टा सर्जकहरूको जमघट भएको उक्त बहस कार्यक्रममा वक्ताहरू चैतन्य, निनु चापागाई, प्रा.डा.जगदीशचन्द्र भण्डारी, प्रा.डा.ताराकान्त पाण्डेय, डा अमर गिरी, रोशन जनकपुरी, सीता शर्मा, सङ्गीत स्रोताले भाग लिएका थिए । कार्यक्रममा अक्टोबर क्रान्ति र साहित्यबीचको सम्बन्ध, प्रतिवादी साहित्य र समाजवादी यथार्थवादी साहित्यबीचको फरक र विशेषता र नेपालको सन्दर्भमा समाजवादी यथार्थवादी साहित्यको आगामी दिशाको विषयमा आधारित रहेर तयार पारिएका ८ वटा प्रश्नको जवाफ खोज्ने कोशिस आयोजकहरूले गरे । यहाँ वक्ताहरूमध्ये बरिष्ठ सौन्दर्य चिन्तक चैतन्य, निनु चापागाई र डा. अमर गिरीका विचारहरूलाई प्रस्तुत गरेका छौं ।– स.)*




## पहिलो चरण– अक्टोबर क्रान्ति र साहित्यबीचको सम्बन्ध

**डा. अमर गिरी**- अक्टोबर क्रान्ति र साहित्यका बीचमा घनिष्ट सम्बन्ध छ । साहित्यमा अक्टोबर क्रान्तिको प्रभाव विश्वव्यापी रूपमा नै पऱ्यो । साहित्यलाई मार्क्सवादी कोणबाट विमर्श अगाडि बढाउन र सैद्धान्तीकरण गर्न अक्टोबर क्रान्तिले महत्वपूर्ण भूमिका खेल्यो । साहित्यमा समाजवादी यथार्थवादको निर्माणमा अक्टोबर क्रान्तिको धेरै ठूलो योगदान रह्यो । १९३२ मा म्याक्सिम गोर्कीको घरमा स्टालिनसहितका नेताहरू बसिकन समाजवादी यथार्थवादका विषयमा छलफल गरियो । १९३३ तिर ल्यूना चास्कीले समाजवादी यथार्थवादका विषयमा लामो लेख लेखे । यसैलाई समाजवादी यथार्थवादी साहित्यलाई स्थापित गराउने ऐतिहासिक लेखको रूपमा लिइन्छ । १९३४ मा रसियन साहित्यकारहरूको एउटा कंग्रेसमा गोर्कीले पहिलोपटक समाजवादी यथार्थवादलाई विधिवत रूपमा प्रस्तुत गरे । नेपालमा पनि समाजवादी यथार्थवादमा आधारित भएर साहित्यहरू लेखिएका छन् । अक्टोबर क्रान्ति नभएको भए समाजवादी यथार्थवादी अवधारणा आउने थिएन कि !

**निनु चापागाई**- क्रान्तिका दृष्टिले अक्टोबर क्रान्ति तेस्रोमा पर्छ । पुनर्जागरणकाल, फ्रान्सेली राज्य क्रान्ति यसअघिका क्रान्ति हुन् । धर्मबाट मानव केन्द्रित समाज निर्माणमा पुनर्जागरण कालले महत्वपूर्ण योगदान गऱ्यो । फ्रान्सेली क्रान्तिले पहिलोपटक स्वतन्त्रता, समानता र भातृत्वको आधारमा समाज निर्माण गर्ने प्रयत्न गऱ्यो । तर यसले पुँजीवादी प्रभुत्वलाई तोडेर अगाडि जान सकेन । अक्टोबर क्रान्ति युगान्तकारी परिघटना थियो । अक्टोबर क्रान्ति सचेतन रूपमा गरिएको क्रान्ति थियो । त्यो नयाँ क्रान्ति थियो । यसले पहिलो पटक अल्पमतमाथि बहुमतको अधिनायकत्व लागू गऱ्यो । पुँजीवाद विरुद्धको संघर्षमात्र थिएन त्यो । त्यो वर्गीय राज्य विरुद्धको आन्दोलन थियो । निजी सम्पत्ति, परिवार र राज्यसत्तालाई नै उल्ट्याउने काम अक्टोबर क्रान्तिले गऱ्यो । १९१९ मा कम्युनिष्ट इन्टरनेश्नल बन्यो । सोभियत राज्य र कम्युनिष्ट इन्टरनेश्नलले खेलेको भूमिका कारण विश्वका ७५ प्रतिशत देशहरूमा क्रान्तिकारी उभार आयो । राष्ट्रिय मुक्ति संघर्षहरूमा पनि ठूलो प्रभाव पऱ्यो । कम्युनष्टिहरूको आदर्श थियो, छ र रहिरहने छ अक्टोबर क्रान्ति । मानव मुक्तिको प्रयत्नमा समानता, स्वतन्त्रता, भातृत्व र न्यायलाई अगाडि लिएर वर्गविहीन समाज बनाउने उद्देश्यमा अगाडि बढेको थियो । यसर्थ, अक्टोबर क्रान्तिलाई साहित्यमा जोड्नु स्वभाविक मात्रै होइन अनिवार्य थियो । साहित्यमा समाजवादी यथार्थवादको भ्रुणको विकास अक्टोबर क्रान्ति अगावै आइसकेका थिए । समाजवादी यथार्थवादी साहित्य जनवादी साहित्य नै हो ।

**चैतन्य**- सर्वहारावर्गको नेतृत्वमा अक्टोबर क्रान्तिले सर्वहारावर्गको अधिनायकत्वको नयाँ राज्यसत्ताको स्थापना गऱ्यो । अक्टोबर क्रान्ति मार्क्सवादको सफल प्रयोग हो । यसले आर्थिक, राजनीतिक, सामाजिक, साँस्कृतिकलगायत हरेक क्षेत्रमा प्रभाव पाऱ्यो । पुँजीवादी क्रान्ति पूरा भयो भनेर फरबरी क्रान्तिलाई भनिएको थियो । तर पूर्णरूपमा पुँजीवादी क्रान्ति भएको थिएन । धर्म, जातीय उत्पीडन, महिलामाथिको उत्पीडन लगायत मध्ययुगीन उत्पीडनका रूपलाई पनि अक्टोबर क्रान्तिले ध्वस्त पारेको थियो । यसर्थ यो इतिहासको एउटा नयाँ अध्यायको सरुवात थियो । साहित्यमा अक्टोबर क्रान्तिले समाजवादी यथार्थवादलाई स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्यो । साहित्यलाई अगाडि बढाउन विशुद्ध साहित्यको मात्रै भूमिका छैन मार्क्सवादी सौन्दर्य चिन्तनको पनि भूमिका छ । साहित्यमा समाजवादी यथार्थवाद र आलोचनात्मक यथार्थवादमा फरक के छ त ? आलोचनात्मक यथार्थवाद क्रान्तिकारी रूपान्तरणको लागि दिशानिर्देश गर्दैन तर समाजवादी यथार्थवादी धाराले क्रान्तिकारी रूपान्तरणका लागि दिशानिर्देशसहितको धारा हो । दार्शनिकहरूले आजसम्म दुनियाँको व्याख्या मात्र गरे, तर मुख्य कुरा समाज बदल्नु हो भनेर मार्क्सले मार्क्सवादी दर्शनको क्षेत्रमा भनेको कुरा साहित्यको क्षेत्रमा अक्टोबर क्रान्तिले ल्यायो । अक्टोबर क्रान्तिभन्दा अगाडि साहित्यले दुनियाँ बदल्ने, वर्ग बदल्ने, रूपान्तरित हुने भन्ने थिएन । समाजवादी यथार्थवादले युग नायकहरूको, नयाँ युग चेतनाको सृष्टि गर्छ । यसमा अक्टोबर क्रान्तिले गुणात्मक धक्का हानेको छ ।

## दोस्रो चरण– प्रगतिवाद र समाजवादी यथार्थवादबीचको फरक र विशेषता

**डा.गिरी**- समाजवादी यथार्थवाद समाजवादी क्रान्ति, सामाजवादी समाज, समाजवादी संस्कृतिसँग सम्बन्धित छ । यो यथार्थवादसम्बन्धी मार्क्सवादी अवधारणासँग सम्बन्धित छ । यथार्थवादका सम्बन्धमा बहसहरू छन् । समाजवादी यथार्थवाद सबैभन्दा विकसित र वैज्ञानिक साहित्यिक अवधारणा हो । सोभियत रुसमा १९२० देखि ८० सम्म समाजवादी यथार्थवादमा आधारित साहित्यहरू लेखिए । समाजवादी यथार्थवादको विकासमा आलोचनात्मक यथार्थवादको ठूलो भूमिका रहेको छ । साहित्य सिर्जनाका सन्दर्भमा विभिन्न पदावली प्रयोग गरिएको हुनाले नेपालमा अनेक भ्रमहरू पनि छन् । मेरो अध्ययनको निष्कर्ष के हो भने प्रगतिवाद समग्र मार्क्सवादी साहित्य सिद्धान्त हो । साहित्य सम्बन्धी समग्र सिद्धान्त नै प्रगतिवाद हो । तर समाजवादी यथार्थवादलाई यस अर्थमा अर्थ्याउन मिल्दैन । यो मार्क्सवादी साहित्यभित्रको महत्वपूर्ण एउटा अवधारणा हो । यो समग्र मार्क्सवादसम्बन्धी साहित्य सिद्धान्त होइन ।

**निनु चापागाई**- ऐतिहासिक तथ्यले नै के खण्डन गर्छ भने समाजवादी यथार्थवाद समाजवादी यथार्थवादको प्रतिबिम्बन मात्र होइन । परिघटना, संघटना अस्तित्वमा रहे पनि आर्टिस्टिक मेथड भनियो । समाजवादी यथार्थवाद र प्रगतिवाद एउटै हो भनेर मैले भन्ने र लेख्ने गरेको छु । साहित्यको इतिहास लेख्नेहरूले समाजवादी भनेर लेख्ने गरेका छन् । समाजवादी यथार्थवादमा ज्ञानमीमांसा, मूल्यमीमांसा समेत आउने हुँदा समाजवादी यथार्थवादलाई प्रगतिवाद भन्न किन नसक्ने ? अहिले म आफैभित्रको अन्तर्द्वन्द्वमा छु । अहिलेसम्मको परम्परा अनुसार ‘मार्क्सवादी साहित्य’ शब्दावली प्रयोग गर्नु त्यति उपयुक्त नहोला ।

**चैतन्य**- पदावलीको प्रयोगले जटिलता उत्पन्न गराएको छ । अनुवाद गर्दा गडबढ गरिएको छ । लोकतान्त्रिक गणतन्त्र भनेको जनवादी जनतन्त्र हो, नयाँ जनवाद होइन । त्यस्तै समाजवादी यथार्थवादका सम्बन्धमा पनि सिर्जनात्मक विधि भन्ने गरिन्छ । मलाई पटक्कै चित्त बुझ्दैन । मैले ठाउँ ठाउँमा त्यसलाई सिद्धान्त भनेको छु । समाजवादी यथार्थवाद भनेको त साहित्य सिद्धान्त हो । रोमान्सवाद, आलोचनात्मक यथार्थवाद सिद्धान्त हो भने समाजवादी यथार्थवाद पनि सिद्धान्त नै हो । त्यही भित्र साहित्य सिर्जनात्मक विधि पनि हुन सक्छ । सिद्धान्त र विधि फरक कुरा हो । समाजवादी यथार्थवाद समग्र साहित्य सिद्धान्त हो । आलोचनात्मक यथार्थवाद, प्रगतिवाद पनि समाजवादी यथार्थवादको अंग हो । यसलाई वैज्ञानिक समाजवादको अंग पनि भनेर जान सकिन्छ । प्रगतिवादलाई समाजवादी यथार्थवादलाई समकक्षमा राखिनु हुन्न । पदावलीको प्रयोगमा सचेत र सतर्क हुनुपर्छ ।

## तेस्रो चरण– नेपालको सन्दर्भमा समाजवादी यथार्थवादी साहित्य

**डा.गिरी**- समाजवादी यथार्थवादका आधारमा नेपाली समाजको यथार्थको अंकन गर्न सकिन्छ, गरेर जानु पर्दछ । जहाँसम्म वर्गसंघर्ष, बलपूर्वक सत्ता प्राप्त गर्ने कुरालाई अस्वीकार गर्ने तथा क्रान्तिको हिंसात्मक स्वरूपलाई अस्वीकार गरी बुर्जुवा संसदीय संरचनालाई स्वीकार गरिसकेपछि पनि त्यस्तै स्रष्टाबाट समाजवादी यथार्थवादी साहित्य सिर्जना सम्भव हुन्छ कि हुँदैन भन्ने प्रश्न छ, यो आफैतिर हो कि भन्ने पनि लागेको छ । नेपालको कम्युनिष्ट आन्दोलनमा वैचारिक भिन्नताहरू छन् । यो भिन्नता अहिले अझ सघन भएर गएको छ । वैचारिक संघर्ष अझ तीखो भएको अनुभूति भएको छ । एमाले र माओवादी केन्द्रलाई एकथरि कम्युनिष्ट पार्टीहरूले कम्युनिष्ट पार्टी नै मान्दैनन् । संसदीय राजनीतिमा समाहित भइरकेको तथा उनीहरूको गैरक्रान्तिकारीकरण भइसकेको भनिन्छ । ती पार्टीसम्बद्ध स्रष्टाहरूले समाजवादी यथार्थवादी साहित्य सिर्जना गर्न सक्छ कि सक्दैन भन्ने प्रश्नलाई गम्भीर रूपमा हेरिनु पर्दछ । ती स्रष्टाहरूले पनि क्रान्तिकारी ढंगले नै साहित्य सिर्जना गरिरहनु भएको छ । अहिले एमाले र माओवादी केन्द्र एकताको प्रक्रियामा छन्, समान विचार भएकोले उनीहरू एकताबद्ध भएर गएकै राम्रो, अर्कोतिर क्रान्तिकारीहरू पनि एकताबद्ध भएर गएकै राम्रो । यो कुरा साँचो हो कि मार्क्सवादी छोडेर संसदवादमा गइसकेको पार्टी सम्बद्ध स्रष्टाहरूले समाजवादी यथार्थवादी साहित्य लेख्न सक्दैनन् । नेपाली समाजको परिवर्तनका निम्ति साहित्यले भूमिका खेल्नु पर्छ । क्रान्तिकारी आशावादितासहित वर्गीय पक्षधरता, वर्गसंघर्षमाथि जोड दिनु पर्दछ समाजवादी यथार्थवादी स्रष्टा सर्जकहरूले ।

**निनु चापागाई**- समाजवादी यथार्थवादलाई सिद्धान्तको रूपमा लिने हो भने नेपालमा पनि त्यो सिद्धान्त अनुरूप नै प्रयोग हुने हो । सत्य निष्ठता, जीवनको गहन सत्यपरक चित्रण, गतिशिल यथार्थको चित्रण, समाजवादी तथा साम्यवादी शिक्षा सम्प्रेषण गर्ने अभिभारा, कम्युनिष्ट नैतिकता, जनतासँगको सम्बन्ध तथा प्रतिबद्धता, सक्रिय क्रान्तिकारी नायक आदि समाजवादी यथार्थवादको आम अभिलक्षण हो । नेपालको विशिष्टतामा सिर्जित साहित्यभित्र पनि यिनै अभिलक्षणहरू हुन जरुरी छ । देशी विदेशी उत्पीडन, वर्गीय उत्पीडनलाई केन्द्रमा राखेर लेखिन जरुरी छ । लेनिनले कानुनी मार्क्सवादीहरू, अर्थवादीहरूसँग लडेर वैचारिक रूपमा स्थापित गरेका सिद्धान्त भन्दा बाहिर गएर समाजवादी यथार्थवादी साहित्य लेखिन्न । सर्वहारावर्गको अधिनायकत्वलाई नमान्ने, वलपूर्वक सत्ता प्राप्त गर्ने कुरालाई सैद्धान्तिक रूपमा अस्वीकार गर्ने, पार्टीको संरचना, स्वरूप, कार्यप्रणाली आदिलाई नमान्नेले समाजवादी यथार्थवादी साहित्य लेख्न सक्दैन । यसलाई यान्त्रिक रूपमा भने सोच्नु हुँदैन ।

**चैतन्य**- जतिसुकै कुरा गरेपनि संसदीय व्यवस्थालाई स्वीकार गर्ने अर्थात् वर्तमान सन्दर्भमा लोकतान्त्रिक गणतन्त्रकै पक्षधरमा जाने खालका लेखक, साहित्यकारहरूले समाजवादी यथार्थवादलाई अंगीकार गर्न सक्तैनन् । लेखक र पार्टीबीचको सम्बन्धको विषयमा यान्त्रिक ढंगले लिनु हुँदैन । वर्ग, देश र जनताप्रति इमान्दार ‘बालचक’हरू पनि हुन सक्दछन् । विचार दृष्टिकोण फरक भएपनि नेपालमा प्रलेसमा सबै किसिमका स्रष्टाहरू बसेकै छन्, अर्कोतिर पार्टी मन नपर्दा पनि पार्टीमा बसिराख्ने र पार्टीका विरुद्ध लेख्ने प्रवृत्तिहरू पनि यहाँ विद्यमान छन् ।

समाजवादी यथार्थवादी साहित्यलाई स्थीरतामा होइन गतिमा बुझ्नु पर्दछ । यो विकसित हुँदै जान्छ । यसको पथप्रदर्शक सिद्धान्त भनेको मार्क्सवाद-लेनिनवाद-माओवाद/विचार हो । क्रान्ति र प्रतिक्रान्तिका अनुभवका बीचबाट विकसित हुँदै जान्छ । यसको अन्तर्वस्तु पनि समृद्ध हुँदै जान्छ । यसले सक्रिय र गतिशिल यथार्थको प्रतिबिम्बन गर्दछ । नकारात्मक यथार्थको विरोध गर्दै सकारात्मक यथार्थलाई माथि उठाउँछ । यसले नयाँ वर्गसंघर्ष र क्रान्तिलाई प्रतिनिधित्व गर्दछ । समाजवादी यथार्थवाद नयाँ साहित्यिक तथा साँस्कृतिक आन्दोलन समेत भएकोले यसले नयाँ क्रान्तिको लागि दिशानिर्देश समेत गर्दछ । यसले विचार र पात्र, सही विचार र गलत विचार, नायक र खलनायक, पुरानो विचार र नयाँ विचार अर्थात् पुरानो चेतना र नयाँ चेतनाबीचको अन्तरविरोधलाई अभिव्यक्त गर्दछ । र, यसले दुःखान्त र सुखान्तको विषयमा नेपालको सन्दर्भ जोड्दा के देखिन्छ भने हेगेलले महत्वपूर्ण परिघटना र हस्तीहरू दुईपटक अविर्भाव हुन्छन् भनेका छन् । त्यसमा मार्क्सले पहिलोपटक नायक र दोस्रो पटक खलनायकको रूपमा । नेपालको सन्दर्भमा हेर्ने हो भने कमीकमजोरीका बाबजुद ०२८ सालको झापा विद्रोह महत्वपूर्ण विद्रोह हो । त्यो वीरताको, दुखान्तको इतिहास हो । त्यो विद्रोहका नायकहरू पछि सैद्धान्तिक रूपमा मार्क्सवादका आधारभूत मान्यताहरू सबै परित्याग गर्दै आयो । जनताको बहुदलीय जनवाद पनि भन्ने, द्वन्द्वात्मक भौतिकवाद परित्याग गरेर बहुलवाद मान्ने अनि हामीले मार्क्सवादी कम्युनिष्ट भनिदिनु पर्ने एमालेलाई ? अब त्यही एमालेसँग एकता गर्न लागेको माकेलाई के भन्ने ? हामी महान जनयुद्धमा गयौं, कमीकजोरीका बाबजुद जनयुद्ध महान थियो । हिजो जनयुद्धमा ट्रेजिक हिरोको रूपमा भूमिका खेल्ने साथीहरू प्रहसनको देखिएका छन् । हिजोका जनयुद्धका नायकहरू अहिले खलनायकमा बदलिएका छन् । समाजवादी यथार्थवादले यो गतिशीलतालाई बुझ्न सक्नु पर्दछ । समाजवादी यथार्थवादको सिद्धान्त र पद्धतिको विकास गरेर जानु पर्दछ । अब हामीले देश र जनताप्रतिको दायित्व पूरा गर्नेतिर जानु पर्दछ । नेपालको विशेषता भनेको एकपटक कित्ताबन्दी भएको पछि भएको भएै हुँदैन । जनतामा कम्युनिष्टहरूको राम्रो प्रभाव छ । समाज रूपान्तरणमा साहित्यले जुन भूमिका खेल्दै आएको थियो, त्यो खेल्नुपर्छ र नयाँ क्रान्तिको तयारी गर्ने सिलसिलामा पनि साहित्य र कलाले भूमिका खेल्नु पर्दछ ।

# लेनिनको देश रुसमा पुगेर फर्केपछिका अनुभूतिहरू



● हस्तबहादुर केसी ●

रुस विश्वकै पहिलो समाजवादी देश हो । यस देशका मजदूरहरूले भ्लादिभिर इल्यिच लेनिनको नेतृत्वमा सन् १९१७ अक्टुबर २५ (रुसी नयाँ पात्रो अनुसार सन् १९१७ नोभेम्बर ७) का दिन सशस्त्र जनविद्रोहद्वारा सत्ता कब्जा गरेर विश्वमै पहिलो पटक सर्वहारावर्गको अधिनायकत्व स्थापना गरेका थिए । हुन त महान् रुसी अक्टुबर समाजवादी क्रान्ति सम्पन्न गर्नु भन्दा पहिले सन् १८७१ मार्च २८ तारिखका दिन पेरिसका कम्युनार्डोहरूले जनविद्रोहमार्फत् पुँजीपति वर्गको हातबाट सत्ता छिनेर सर्वहारावर्गको राज्यस्थापना गरेको घोषणा गरेर पेरिस कम्युनको घोषणा गरेका थिए । कम्युनको निर्वाचन पनि गरेका थिए । तर पेरिस कम्युनका निर्माताहरूले सत्ता प्राप्तिका लागि आवश्यक पर्ने कमरेड माओकै शब्दमा क्रान्तिका तीन जादुमयी हतियारहरू, कम्युनिष्ट पार्टी, सेना र संयुक्त मोर्चा अनिवार्य भएकोमा त्यहाँ, पार्टी पनि निर्माण गरिएको थिएन, पार्टी विना जनसेना र संयुक्त बन्न सक्ने कुरा भएन, जसका कारण पेरिस कम्युनमाथि प्रतिक्रियावादीहरूद्वारा प्रतिक्रान्तिकारी हमला भयो र ७२ दिन पेरिस कम्युन ढल्न पुग्यो । पेरिस कम्युनको छिट्टै पतन हुनुको पछाडिको मुख्य कारण सर्वहारावर्गले अधिनायकत्व स्थापना गर्न नसक्नु रहेको छ ।

पेरिस कम्युनका शिक्षा अमर छन् । पेरिस कम्युनको असफलताबाट शिक्षा प्राप्त गरेका लेनिन र रुसी सर्वहारावर्ग (औद्योगिक मजदुरवर्ग) ले सशस्त्र जनविद्रोहमार्फत् सत्ता कब्जा गरेर मार्क्सवाद तीन संघटक अंग दर्शन, राजनीतिक अर्थशास्त्र र वैज्ञानिक समाजवादको मार्क्सवादी मापदण्ड र सीमा तथा पद्धतिमा आधारित रहेर वैज्ञानिक समाजवादलाई स्थापित गरेर यसको विकासलाई तीव्र गतिमा अगाडि बढाइएको थियो ।

हान् रुसी अक्टुबर समाजवादी क्रान्तिको प्रभाव विश्वभरि फैलियो । यसकै प्रेरणाले एशिया, युरोप, ल्याटिन अमेरिका, अफ्रिकालगायत विश्वका सम्पूर्ण महादेशहरूका सैयौं देशहरूमा एकपछि अर्को गर्दै कम्युनिष्ट पार्टीहरू निर्माण हुन पुगे । उत्तर कोरिया र भियतनाममा सन् १९४५ मै जनवादी तथा समाजवादी क्रान्तिहरू सम्पन्न गरियो भने सन् १९४९ मा महान् चिनीया नयाँ जनवादी क्रान्ति सम्पन्न भयो । कम्बोडिया, क्युबामा पनि क्रान्ति सम्पन्न गरियो भने पूर्वी युरोपका करिब बीसौं देशहरूमा सोभियत मोडेलको समाजवाद लागू गरियो । दक्षिण एशियाली मुलुक भारतमा तेलङ्गाना विद्रोह र नक्सलवादी कृषि क्रान्ति भड्कियो भने नेपालमा पनि वि.सं. २०२८ मा झापा विद्रोह र २०५२ सालमा महान् जनयुद्धको थालनी गरियो । पेसभियाली कम्युनिष्ट पार्टी (साइनिङपाथ) को सशस्त्र जनयुद्धको गौरवशाली विरासत आजसम्म पनि ताजै छ । चिली र इण्डोनेशियामा पनि संसदीय निर्वाचनमार्फत कम्युनिष्टहरू सत्तामा पुगेका थिए तर छोटै अवधिमा प्रतिक्रियावादीहरूबाट प्रतिक्रान्ति भयो र ती देशहरूको कम्युनिष्ट आन्दोलनलाई धाराशायी पारिएको थियो ।

अर्कोतिर बर्मा, फिलिपिन्स, पाकिस्तान, टर्की आदि देशहरूमा पनि सशस्त्र जनयुद्धको तयारी गरिएको थियो । अहिले नेपाल र पेरुमा सशस्त्र जनयुद्धले सेडब्याक खाएका छन् भने भारतमा आज पनि सशस्त्र जनयुद्ध घनिभूत भएर अगाडि बढिरहेको छ ।

महान् रुसी अक्टुबर क्रान्तिको सफलताको छोटै अवधिमा महान् लेनिनको नेतृत्वमा समाजवादको विकासलाई अगाडि बढाइयो । तर लेनिन एसर पार्टीको कार्यकर्ता कामलानको गोली प्रहारबाट घाइते हुनु भयो र सन् १९२४ जनवरी २३ को दिन लेनिनको मृत्यु भयो । त्यसपछि सोभियत रुसको नेतृत्व स्टालिन गर्नु भयो ।

सन् १९५३ मार्च ५ का दिन स्टालिनको पनि मृत्यु भयो । त्यस पछि निकिता खुश्चोव रुसी महासंघको सर्वोच्च नेतृत्व गर्न पुगे र सन् १९५६ को फेब्रुअरीमा अखिल संघीय कम्युनिष्ट पार्टी (बोल्सेभिक) बीसौं महाधिवेशन सम्पन्न गर्दा तत्कालिन राज्य प्रमुख निकिता ख्रुश्चोवद्वारा २४-२५ तारिखको मध्यरातमा स्टालिनको विरुद्धमा गोप्य रिपोर्ट पेश गर्दा प्रतिक्रान्तिको विजारोपण गरियो ।

(बोल्सेभिक) को बीसौं महाधिवेशन सम्पन्न हुँदै गर्दा तत्कालीन राज्य प्रमुख निकिता ख्रुश्चोभद्वारा २४-२५ तारिखको माध्यरातमा स्टालिनका विरुद्धमा गोप्य पेश गर्दै प्रतिक्रान्तिको विजारोपण गरिएको थियो ।

आधुनिक संशोधनवादको सूत्रपात मुख्यतः ख्रुश्चोभबाट भयो । सम्पूर्ण जनताको पार्टी, सम्पूर्ण जनताको राज्य र शान्तिपूर्ण संक्रमणको सिद्धान्त अवलम्बन गर्दै तथा वर्ग संघर्ष, सर्वहारावर्गको अधिनायकत्व र सशस्त्र संघर्षका विरुद्ध भीषण हमला बोल्दै रुसमा पुँजीवादको स्थापना भयो । ख्रुश्चोभदेखि मिखाइल गोर्भाचोभसम्म आउँदा आधुनिक संशोधनवाद सामाजिक फासीवादका रूपमा गिर्न पुग्यो र सन् १९९० मा पुगेर ७२ वर्षे सोभियत मोडेलको समाजवादको विघटन गरियो । ख्रुश्चोभी आधुनिक संशोधनवादका विरुद्ध कमरेड माओले भीषण विचारधारात्मक संघर्षको आव्हान गर्नुभयो । विश्वकम्युनिष्ट आन्दोलनमा ठूलो असर पर्‍यो । विश्वसमाजवादी शिविरमाथि ठूलो संकट पैदा भयो । र त्यसपछि विश्वकम्युनिष्ट आन्दोलन रक्षात्मक स्थितिमा पुग्यो । आजसम्म आइपुग्दासम्म यसमा कुनै तात्विक फेरबदल आएको छैन ।

गत वर्ष सन् २०१७ अक्टुबर २५ (नोभेम्बर ७) मा महान् रुसी अक्टुबर समाजवादी क्रान्तिले १०० वर्ष पूरा गरेको छ । त्यस अवसरमा वर्तमान रुसका क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले अक्टुबर क्रान्तिको सतवार्षिकी उत्सव मनाउन रुसकै ऐतिहासिक शहर लेनिनग्राद (हालको सेयन्ट पिटर्सवर्ग) निर्णय गरेका थिए, जुन स्थानमा लेनिनको नेतृत्व र निर्देशनमा सन् १९१७ अक्टुबर २५ (नोभेम्बर ७) का दिन सशस्त्र जन विद्रोहको उदघोष गरिएको थियो । त्यस ऐतिहासिक अक्टुबर क्रान्ति सतवार्षिकी उत्सवमा विश्वभरका विभिन्न कम्युनिष्ट पार्टीहरूलाई । रुसका कम्युनिष्ट पार्टीहरूले निमन्त्रणा पत्र पठाएका थिए । नेपाललगायत विश्वका ९५ देशका कम्युनिष्ट पार्टीका प्रतिनिधिहरू उक्त अक्टुबर क्रान्ति सतवार्षिकी उत्सवमा भाग लिन लेनिनग्राद पुगेका थिए । रुसी कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) को निमन्त्रणामा पनि रुसको राजधानी मस्को हुँदै लेनिनग्राद पुगेर त्यस ऐतिहासिक उत्सवमा सहभागी भएको थिएँ ।

त्यस ऐतिहासिक अवसरमा रुसको राजधानी भएकोमा ५ दिन र लेनिनग्राद (हालको सेयन्ट पिटर्सवर्ग) मा ६ दिनसम्म बस्ने मौका मिलेको थियो । त्यस गौरवपूर्ण अवसरमा राजधानी मस्कोमा महान् लेनिनको पार्थिव शरीरको अवलोकन गर्ने र लेनिन स्टालिनका योगदानहरूका बारेमा लेनिनका योगदानका बारेमा स्थापना गरिएका लेनिन संग्राहलयहरू र अन्य ऐतिहासिक तथ्यहरूको अध्ययन अवलोकन र लेनिनग्रादमा पुगेर लेनिनग्रादमा रहेका लेनिन संग्रहालयहरू, युद्ध म्युजियमहरू, वयन्टर प्यालेसलगायतका ऐतिहासिक स्थानहरूको अध्ययन अवलोकन र ७ नोभेम्बरका दिन विश्वभरबाट आएका प्रतिनिधिहरू र क्रान्तिकारी रुसी कम्युनिष्टहरू र लेनिनग्रादका क्रान्तिकारी जनताको सहभागितामा निकालिएको जुलुसको नेतृत्व गर्ने समेतको अविस्मरणीय तथा ऐतिहासिक क्षण र सतवार्षिकी उत्सव समारोहमा भाग लिदै गर्दा अविस्मरणीय एवं ऐतिहासिक क्षणहरू एउटा विरासतको रूपमा अनुभूत गर्ने मौका मिल्यो ।

महान् लेनिन र स्टालिनको देशको १२ दिने ऐतिहासिक अध्ययन अवलोकन भ्रम सकेर आफ्नो मातृभूति नेपाल फर्केपश्चात् मेरो जीवनमा उत्पन्न भएका अनुभूतिहरू ऐतिहासिक शिक्षा र प्रेरणाका रूपमा लिएका



विषयहरूका बारेमा यहाँ चर्चा गर्ने जमर्को गरेको छु ।

गत २०७४ कार्तिक १४ (२०१७ अक्टुबर ३१) का दिन फ्लाई दुवैकौ जहाजद्वारा दुवैमा ट्रान्जिट हुँदै नोभेम्बर १ का दिन दिउँसो २.४० बजे रुसको राजधानीस्थित म्यानुकोभा विमानस्थलमा ओर्लियौं । हाम्रो १५ जनाको टोली थियो । विमानस्थलको गेटमा हामीलाई स्वागत गर्नका लागि रुसी कम्युनिष्ट पार्टी (मार्क्सवादी-लेनिनवादी) का नेता कमरेड दिमित्री कोनचेन्कोको नेतृत्वमा एउटा टोली आई पुगेको रहेछ । विमानस्थलबाट स्वागत गरेर हाम्रो टोलीलाई आधा घण्टा जति बसको यात्राबाट र आधा घण्टा जति मेट्रो रेल्वे यात्राबाट हामीलाई बस्ने व्यवस्था गरेको होटेलमा पुऱ्याइयो । एकक्षण पछि बेल्जियम, ब्राजिल, नेदरल्याण्ड र कोरियाको टोली पनि आइपुग्यो । एशियन टोली र युरोपियन टोलीलाई अलगअलग होटेलमा व्यवस्था थियो ।

२०१७ नोभेम्बर २ का दिन बिहान कमरेड दीमित्री कोन्चेन्को नेतृत्वमा गाइडहरू एलेक्सी, यन्तोन, एलिशालगायतका रुसी कमरेडहरूका साथमा बिहान ९ बजे रुसको राजधानी मस्कोस्थित कार्लमार्क्सको विशाल शालिक भएको एक मैदानमा पुऱ्याइयो र मार्क्सको शालिकको अवलोकनसहित फोटो सेसन चलाइयो । यो अत्यन्तै स्मरणीय क्षण रहयो । त्यसपछि विश्वसर्वहारावर्गका महान् नेता लेनिनको पार्थिव शरीर राखिएको लेनिन मेमोरियल हलमा पुऱ्याइयो । यो अत्यन्तै स्मरणीय क्षण रह्यो ।

त्यसपछि विश्वसर्वहारावर्गका महान् नेता लेनिनको पार्थिव शरीर राखिएको लेनिन मेमोरियल हलमा पुऱ्याइयो र लेनिनमाथि सम्मानपूर्वक लालसलाम गरेर बाहिरियौं । यो क्षण पनि अत्यन्तै महत्वपूर्ण र अविस्मरणीय रह्यो । त्यसै सिलसिलामा जर्जीय पार्कमा पुगेर फोटो सेसन चलाइयो र त्यसदिनको अन्तिममा विशाल रेडस्क्वायर मैदानको अवलोकन गरियो ।

हामी मस्कोमा २०१७ नोभेम्बर १ तारिखदेखि ५ तारिखसम्म बस्यौ । त्यस अवधिमा महान् लेनिनका योगदानबारे बढी जानकारी लिने काम भयो । राजधानी मस्कोबाट करिब २७ कि.मी. टाढा एउटा जंगलको शान्त स्थान लेनिन-गोर्की हिल्समा लेनिनको ऐतिहासिक म्युजियम रहेछ । जहाँ लेनिनले पढ्ने, लेख्ने, प्रशिक्षण दिनेलगायतका सम्पूर्ण क्रियाकलाप र उहाँले पढेका र लेखेका सम्पूर्ण पुस्तकहरूको पुस्तकालयको ऐतिहासिक संग्रहालय रहेछ, समग्र अध्ययन गरियो र लेनिन सन् १९१८ मा गोली लागेर विरामी भएपछि आराम गर्नका लागि त्यही लेनिन-गोर्की हिल्समा एउटा ऐतिहासिक भवन बनाइएको रहेछ, जुन भवनमा सन १९२४ जनवरी २३ तारिखका दिन लेनिनको मृत्यु भएको रहेछ । त्यसको समग्र अध्ययन अवलोकन गरियो । यी दुवै भवनले लेनिनको समग्र योगदानको फिरिस्तीलाई ऐतिहासिक रूपले समेटिएको रहेछ ।

मस्कोकै अर्को स्थानमा लेनिनको अर्को म्युजियम बनाएर राखिएको रहेछ । त्यसको पनि समग्र अध्ययन अवलोकन गरियो भने अर्को ऐतिहासिक घटना सन् १९०५ को असफल रुसी क्रान्तिको युद्ध म्युजियम रहेछ । त्यसको ऐतिहासिक डकुमेन्ट्री, प्रदर्शन गराइयो ।

महान् रुसी अक्टुबर क्रान्तिको पूर्वबेलामा पार्टी प्रकाशनको महत्व कत्तिको हुँदोरहेछ भन्ने एउटा नमूना त्यहाँ हेर्न र अध्ययन गर्ने मौका मिल्यो । राजधानी मस्कोको मूल सडकमै एउटा घरमा बाहिर फलफूल बेच्ने पसल राखिएको र भित्र तीन तला मुनी भूमिगत रूपमा पार्टीले प्रेस सञ्चालन गरेका रहेछन् । पार्टीको मुखपत्र प्राब्दा र अन्य प्रकाशनहरू छाप्ने गरिएको रहेछ । प्रकाशनको सम्पूर्ण कार्य भूमिगत रूपमा कमरेड स्टालिनले गर्नु भएको रहेछ । सरकारले थाहँ नपाओस् भनेर घरको सडकपट्टी फलफूलको पसल सञ्चालन गरिएको र भित्र भूमिगत रूपमा पार्टी प्रकाशनको कार्य गर्ने गरिएको रहेछ । यसको समग्र अध्ययन गरियो ।

यसका अतिरिक्त मस्कोमा खुला रूपमा विश्वकै पहिलो अन्तरिक्ष यात्री युरी गागरिनले अन्तरिक्ष यात्रा पुरा गरेको यान (रकेट) राखिएको रहेछ । त्यसको अवलोकन गरियो । यसका साथै राजधानी मस्कोमा दोस्रो विश्वयुद्धमा जर्मन हिटलर नाजीवादलाई परास्त गर्न निर्माण गरिएका अत्याधुनिक हातहतियार र मिसाइल समेतको म्युजियमको अवलोकन गरियो ।

नोभेम्बर ५ का दिन राती रेल्वे यात्राद्वारा १० घण्टा लगाएर रुसको ऐतिहासिक शहर जुन शहरबाट लेनिन सशस्त्र जनविद्रोहको पहिलो उद्घोष गर्नु भएको स्थान लेनिनग्राद हालको सेयन्ट पिटर्सवर्ग पुगियो र लेनिनग्रादस्थित एउटा होटेलमा हामीलाई बसोबासको व्यवस्था मिलाइएको रहेछ । हामी लेनिनग्रादमा नोभेम्बर ६ देखि १० तारिखका दिन ५ दिन बस्यौं । त्यस अवसरमा २०१७ नोभेम्बर ७ का दिन विश्वका ९५ देशबाट आएका कम्युनिष्ट पार्टीहरूका प्रतिनिधिहरू र रुसी क्रान्तिकारी कम्युनिष्ट पार्टीहरू र जनताको सहभागितामा महान् अक्टुबर क्रान्तिले १०० वर्ष पूरा गरेको अवसरमा लेनिनग्रादको विशाल शहरमा विशाल जुलुस निकालियो । मैले पनि जुलुसको नेतृत्व गर्ने मौका पाए । पेरुभियाली कम्युनिष्ट पार्टी फेडरेसनले एक-एक वटा पार्टीको हँसियाहथौडा अंकित लालझण्डाहरू उक्त जुलुसकै क्रममा उपहारस्वरूप प्रदान गरेका थिए । ती तिनै झण्डा उठाएर मैले लेनिनग्राद शहरमा अग्रपंक्तिमा रहेर जुलुसको नेतृत्व गर्ने मौका पाएँ । ती ऐतिहासिक झण्डाहरू मैले नेपालमा ल्याएर आएको छु । झण्डा हस्तान्तरणको क्षण मेरो जीवनको लागि अत्यन्तै अविस्मरणीय रहन गयो । यस अतिरिक्त आयोजक पार्टी रुसियन कम्युनिष्ट पार्टीहरू र विश्वभरबाट आएका विभिन्न कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूका बीचमा गोष्ठी, अर्न्तक्रिया र विचार आदान प्रदान गर्ने काम ऐतिहासिक रूपले सम्पन्न भए । सामूहिक डिनरको व्यवस्था पनि ऐतिहासिक नै रह्यो । विश्वभरबाट रुसको ऐतिहासिक शहर लेनिनग्रादमा महान् अक्टुबर क्रान्ति सतवार्षिकी उत्सवमा सहभागी भएका कमरेडहस्तु एउटै स्वरमा लेनिनका योगदानहरू सार्वभौम छन्, ती योगदानहरूलाई रुसमा मात्र सीमित नराखेर संसारभर फैलाउनु पर्दछ र संरक्षण गर्नुपर्छ भन्ने धारणा राखेका थिए । 'हराएका छैनन् कम्युनिष्टहरू विश्वबाट' भन्ने गगनभेदी नारा घन्काइएका थिए । सबै कार्यक्रमहरू अत्यन्तै महत्वपूर्ण र ऐतिहासिक रहन गए ।

यसका अतिरिक्त लेनिनग्राद स्थित .... नामक लेनिन म्युजियमको अलेक्जेण्डर, एन्ड्रेजस्ता असल गाइडरहरूको सहयोगमा समग्र अध्ययन अवलोकन गराइयो । जुन म्युजियममा लेनिनले सशस्त्र विद्रोहको बेला प्रयोग गरिएका समग्र हतियार, औजार र साधनस्रोत तथा जारशाहको सरकारबाट विद्रोह गरेर जनविद्रोहलाई साथ दिन आएका सेनाका जर्नेलहरूको ऐतिहासिक रेकर्डहरू राखिएको रहेछ । त्यस्तै लेनिनग्रादमा रहेको दोस्रो लेनिन म्युजियमको पनि समग्र अध्ययन अवलोकन गराइयो । जुन म्युजियममा सत्ता कब्जा गर्दाको क्षेणको ऐतिहासिक डकुमेन्ट्री प्रदर्शन गराइयो ।

स्टालिन समयमा दोस्रो विश्वयुद्धमा जर्मन हिटलरी नाजीवादलाई ध्वस्त पार्न निर्माण गरिएका हातहतियार र मिसाइलको वार म्युजियमको पनि अवलोकन गरियो । साथै रुसी मजदुर सन् १९१७ नोभेम्बर ७ मा सत्ता कब्जा गरिएको वयन्टर दरबारको अध्ययन अवलोकन गराईयो ।

यसका अतिरिक्त लेनिनले सन् १९१७ नोभेम्बर ७ मा सशस्त्र जनविद्रोहको उद्घोष गरेको लेनिनग्रादस्थित मुख्य चोक र अन्य ऐतिहासिक चोक संग्रहालयहरू, लेनिनका ऐतिहासिक सालिकहरू र अन्य ऐतिहासिक स्थानहरूको अध्ययन अवलोकन गरियो ।

सबैलाई थाहा भएकै कुरा हो, रुसी मोडेलको समाजवादमाथि प्रतिक्रान्तिकारीहरूले भीषण आक्रमण गरेका थिए र रुसी मोडेलको समाजवादलाई विघटन गराएर रुसमा पुँजीवादको पुनर्स्थापना गराएका थिए ।

त्यसपछि प्रतिक्रान्तिकारी पुँजीवादी सत्ताधारीहरूले स्टालिनका सम्पूर्ण रूपमा नष्ट पार्ने अभियान सञ्चालन गरेका थिए र उहाँका सम्पूर्ण सालिकहरू ध्वस्त पारिदिएका थिए । हामीहरू जहाँ राजधानी मस्को र लेनिनग्राद जस्ता विशाल शहर र ऐतिहासिक शहरहरूमा पुग्यौं- त्यहाँ कही कतै पनि स्टालिनका सालिकहरू देखेनौं । रुस उजाड पारिएको रहेछ । तर महान् लेनिनका भने सबै स्थानमा मुख्य मुख्य सालिकहरू संरक्षण गरी राखिएको रहेछ । मस्को र लेनिनग्रादमा लेनिनका नाममा बनाइएका म्युजियमहरू उहाँका योगदानहरूलाई संरक्षण गर्ने गरी बचाएर राखिएको पाइयो ।

महान् अक्टुबर क्रान्तिले १०० वर्ष पूरा गरेको अवसरमा सतवार्षिकी उत्सवमा भाग लिन जुन ऐतिहासिक अवसर प्राप्त भयो, त्यस अवसरमा मैले जुन रुसको राजधानी मस्को र रुसकै एक ऐतिहासिक शहर लेनिनग्राद (सेयन्टपिटर्सवर्ग) पुगेर जुन समग्र विषयको अध्ययन गर्ने मौका मिल्यो । त्यसबाट मलाई के अनुभूति भयो भने महान् रुसी अक्टुबर क्रान्ति सम्पन्न गर्न लेनिनको नेतृत्वमा रुसी कम्युनिष्ट पार्टी (वोल्सेविक) ले गरेको तयारीबाट आज पनि विश्वभरका कम्युनिष्ट क्रान्तिकारीहरूले शिक्षा लिन र पाठ सिक्न जरुरी छ ।

क्रान्ति सम्पन्न गरेपश्चात् लेनिनको त छोटै अवधिमा देवहसान भयो तर स्टालिन जो सोभियत रुसको लामो समय नेतृत्व गर्ने मौका पाउनु भयो, त्यतिबेला उहाँको नेतृत्वमा रुसमा जुन समग्र क्षेत्रमा विकास भयो र रुसलाई त्यति माथि उठाउनमा महत्वपूर्ण योगदान रहयो । समाजवादको विकासको क्षेत्रमा होस्, राजनीतिक तथा सामाजिक विकासका क्षेत्रमा होस र राष्ट्रको भौतिक विकासमा स्टालिनको योगदान रहेको छ । देश बनाउनलाई असल र सक्षम नेतृत्व आवश्यक पर्दछ भन्ने नमूना स्टालिनले प्रदर्शन गर्नु भयो । उहाँबाट हिजो पनि विश्वका क्रान्तिकारी कम्युनिष्टहरूले शिक्षा नलिएका होइनन नै । आज पनि ती लेनिन स्टालिनका शिक्षाहरूका उतिकै आवश्यक र शिक्षाप्रद रहेका छन् भन्ने मलाई ठूलो अनुभूति रहयो ।

अर्को ठूलो अनुभूति मलाई के पनि भयो भने लेनिन स्टालिनबाट शिक्षा लिने कुरा मात्र ठूलो कुरा होइन, त्यसलाई क्रान्तिकारी कम्युनिष्टहरूले आ-आफ्नो देशमा लागू गर्ने कुरा सबैभन्दा ठूलो कुरा हो । साथै यसको प्राप्तिको लागि मार्क्सवादी गतिशील एक वैज्ञानिक सिद्धान्त भएकाले मार्क्सवादी मापदण्डभित्र रहेर विचारको विकास गर्ने, त्यसको प्रयोग र संरक्षण गर्ने कुरा नै अर्को महत्वपूर्ण कर्तव्य हो विश्वभरका क्रान्तिकारी कम्युनिष्टहरूको भन्ने ठूलो अनुभूति बोकेर म नेपाल फर्किए ।

# हेडक्वार्टर



● हिरामणि दुःखी ●

'कमरेड !' आफ्नो अङ्गरक्षक प्रह्लादलाई बोलायो उसले र भन्यो ' आज मेसको हालचाल के छ बुझ्नुस् त' । यसरी सोध्नुको अर्थ हुन्थ्यो विशेष परिकारको अर्डर । नत्र मेस विभागले बनाएको रुटिन अनुसार नै चल्थ्यो खानाको नियमित प्रकृया । दाल, भात, तरकारी, चटनी आदि इत्यादि । एकाध दिनको अन्तरमा केही पीस मासु वा माछा र बेलुकामा एकदुई गिलास रमझम अक्सर छुट्दैनथ्यो भान्सामा । स्थानीय लोकल चामलको भात पाक्थ्यो हेडक्वार्टर र हेडक्वार्टर परिवारका लागि । त्यो चामल अलि बिरलै पाइन्थ्यो र महङ्गो पनि थियो ।

हुन्छ सर भन्दै प्रह्लाद आफ्ना सहयोगीहरूका साथ तुरुन्तै मेसतिर दौडियो । हेडक्वार्टरको निवास भन्दा केही पर थियो मेस । मेसको कमाण्ड सम्हालेको थियो कमरेड विवसले । विवसलाई बाहिर बोलायो प्रह्लादले र एकान्तमा कानेखुसी गरे उनीहरू ।

'आज विशेष खाना बनाउनु पऱ्यो विवस जी' प्रह्लादले आदेश गऱ्यो । विशेषको अर्थ जङ्गलतिरबाट आयातित मासु र कोदोबाट बनाइएको विशेषखालको कडा लोकल रमझम भन्ने बुझ्नुपर्थ्यो मेसविभागले । विवस केहीबेर अकमकायो । किनकि आज ती विशेष परिकार थिएनन् भण्डारमा । तैपनि हुन्छ भन्दै आस्वस्त पाऱ्यो उसले र केही समय लाग्ने जानकारी गरायो प्रह्लादलाई ।

'हुन्छ । धेरै रात नपार्नुहोला है विवस जी नत्र हेडक्वार्टरको मेडम अलि झर्किनुहुन्छ क्या । साउती गर्दै भन्यो प्रह्लादले र इसारा गऱ्यो एचक्युतिर ।

'हो त्यो त मलाई पनि थाहा छ । जतिसक्दो छिटो गर्ने कोसिस गर्छु । सामान खोज्न अलि ढिला हुन्छ । बाहिर जानु पर्छ त्यसैले' विवसले स्पष्टीकरणको भावमा जबाफ फर्कायो ।

प्रह्लाद एचक्युतर्फ फर्कियो । उता विवसले समीरको नेतृत्वमा पाँचजनाको टोलीलाई नजिकै रहेको झिनुवाको जङ्गलतिर शिकार गर्न पठायो । साथै चुमानको नेतृत्वमा दुईजनालाई कोदोबाट बनाइएको लोकल खोज्न दुईखोलीतर्फ पठायो । मेसका अन्य सदस्यहरू खटिए आ-आफ्नो ड्युटीमा यन्त्रवत् खटिए ।

ठण्डी मौसम थियो । पुस महिना भएकाले दिनमा आकाश डम्म ढाकिन्थ्यो । हिउँ पर्लापर्ला जस्तो गरेको हप्ता नाघिसकेको थियो तर हिउँ भने परिसकेको थिएन । उता हिमाली भेकतर्फ हिउँ परिसकेको थियो । सेताम्मे थियो जलजलाको धुरी पनि ।

शिकार गर्न गएको टोलीले रतुवा मारेर ल्यायो ।

युद्ध सुरु भएदेखि जनताका सबै घरेलु हतियार माओवादीले कब्जा गरेपछि गाउँलेहरूले शिकार खेल्न छाडेका थिए । कहिलेकाहीँ खेल्न मनलागे जनसत्ताको अनुमति लिनु पर्थ्यो । त्यसपछि जनमिलिसियाहरूका साथमा मात्र खेल्न पाइन्थ्यो । त्यसैले जङ्गलमा मृग, बँदेल, कालिज, तित्रा र च्याखुराहरू जस्ता शिकार छ्याप्छ्याप्ती पाइन्थे । त्यस्तै अन्य जङ्गली जनावर र पञ्छीहरूका बगाल पनि बढिरहेका थिए ।

जलपान लिन गएकाहरू पनि पाँचलिटरे जरकिनभरि कोदोको रमझम लिएर आए । संयोग पनि राम्रै जुट्यो । उता हेडक्वार्टरमा आज विशेष पाहुना थपिएका थिए । कुनै विषयमा छलफल गर्न र नयाँ योजना बनाउन एचक्यु टिम केन्द्रित हुन्थ्यो । त्यसैले आज एचक्यु टिमका अन्य सदस्यहरू बोलाइएका थिए । एचक्यु टिमका दुईजना जेल परेकाले त्यहाँ तीनजना मात्र उपस्थित थिए ।

खाना तयार हुँदा रातको आठ बजिसकेको थियो । रातको मौसम अझ चिसो हुँदै थियो । स्टिलको थालभरि रतुवाको कट्नेसी र कोदोको रमझम लिएर मेस विभागबाट विवस र सुवोध एचक्युमा आए ।

'हेडक्वार्टर कमरेड ! नास्ता तयार भयो' विवसले जानकारी गरायो ।

'ल ठिक छ विवस जी, बाहिर स्टाफहरूलाई पनि यसो हेर्नुहोला है' हेडक्वार्टरले मुस्कुराउँदै भने ।

'त्यो त भै हाल्छ नि' स्वीकारोक्ति जनायो विवसले ।

स्टिलका गिलाँस चियर्स गर्दै तिनै जना नेताहरूले सुर्क्याए । खानपिनको रमझम निकै गरम भयो । गफगाफ पनि निकै भए । नेपाली क्रान्तिका ठुलठुला योजनाहरू बुनिए । अब युद्ध धेरै नलम्ब्याउने भन्ने कुरा गरे कमरेड हेडक्वार्टरले । 'युद्ध धेरै लामो भयो भने नेतृत्व पद्धति पनि समाप्त हुन सक्छ' हेडक्वार्टरले अलि गम्भीर हुँदै तर्क गरे । उनको सङ्केत आफ्नो असुरक्षातर्फ केन्द्रित थियो । किनकि केही दिन अगाडि उनले छोडेको निवासमा दुश्मनले बमबार्ड गरेको थियो । त्यो समयमा आधारक्षेत्रमा व्यापक अप्रेशन पनि गरेको थियो दुश्मन सेनाले । यस घटनाले आतङ्कित बनाएको थियो हेडक्वार्टरलाई । यद्यपि उनले प्रवासमा ठुला नेताहरूको ठुलै लर्को समातिएको घटनालाई लिएर तर्क गरिरहेका थिए । त्यसैकारण आफू प्रवासको बर्सौंको बसाइँ छाडेर भित्र पसेका पनि थिए । यता भित्र आएपछि झन् दिनहुँको बमबार्डले उनलाई बेचैन बनाएको थियो । कतै संसार जितेर सम्राट बन्ने सपनाले हावा खाने त होइन ? मनमा चिसो पसिसकेको थियो । कसरी युद्धलाई शान्तिपूर्ण अवतरण गराउने भन्ने योजना बुन्नमा हेडक्वार्टर सोचमग्न थियो । धेरै मन्थनपछि उपाय सुल्झियो 'अब सातघरेहरूसँग तालमेल गरेर जाने, नयाँ जनवादी क्रान्तिको बाटो त्याग्ने' । यसकुरामा हेडक्वार्टरलाई कामरेड उपाधिले सहयोग गरे । तर यो कुरा पार्टीमा कसरी मिलाउने भन्ने कुरामा केही अलमल भयो ।

कामरेड उपाधिले भने 'युद्धको नयाँ रूप भनेर जानु पर्छ' ।

'ठिक भन्नु भयो' कामरेड हेडक्वार्टरले भने । 'उता छिमेकीलाई मिलाउने जिम्मा तपाईंको, यता पार्टीमा र सातघरेहरूसँग तालमेल मिलाउने जिम्मा मेरो' हेडक्वार्टरले कार्यविभाजन गरे । 'पार्टीको बैठक बसेर हाम्रो कमिटीकाहरूलाई ठिक पार्ने त्यसपछि उनीहरूलाई नै प्रवक्ता बनाएर तलका कार्यकर्ताहरूलाई सन्त्याउने, अनि बाटो खुला र सहज हुन्छ' हेडक्वार्टरले योजनाको विस्तृत खाका प्रस्तुत गरे । हेडक्वार्टरको योजना मुताविक सबै काम पुरा भयो । उता छिमेकीसँग भेटघाटको चाँजोपाँजो सबै मिलाउन श्रीमतीसहित कामरेड उपाधि बाहिर हिँडे ।

भेटघाटको चाँजोपाँजो सबै मिलेपछि सातघरेहरूका मित्रमण्डलीलाई पनि बोलाइयो । हेडक्वार्टर पनि उतै लागे । सबैसँग भेटघाट भयो । कुराकानी मिल्यो । छिमेकीको रोहबरमा तमसुक लेखियो र दुबै पक्षले सहिछाप ठोके । लेनादेना पुरा भयो । दिव्य बाहु बर्सको महाभारतलाई विश्राम दिन कामरेड हेडक्वार्टर र कामरेड उपाधि राजी भए । यसबापत सातघरेहरूले आफ्नो कुलगोत्रमा कामरेड हेडक्वार्टरको गोत्रलाई मिलाउन सहमत भए । उता छिमेकीले पनि आइन्दा आफ्नो विरोध नगर्न कामरेड हेडक्वार्टरलाई निर्देशन गऱ्यो । साथै छिमेकीले कामरेड हेडक्वार्टरलाई अबदेखि पार्टीलाई कामरेड उपाधिको योजनामा चलाउनू भनेर पनि आदेश गऱ्यो । हेडक्वार्टरले 'जो आज्ञा' भन्दै स्वस्ति गरे । सबै भित्र फर्किए ।

केही समयपछि चुनखोलामा पार्टीको बैठक बस्यो । पूर्वयोजना अनुसार पार्टीका तल्ला नेताहरूलाई ठोकठाकपछि ठिकठाक पारियो । सबै सहमत भए । एकापसमा गला मिलाए । चुनखोलाको बैठकपछि 'क्रान्ति'को नयाँ बिगुल फुकियो । आफ्नो बर्सौंदेखिको सपना पुरा भएकोमा कामरेड उपाधि भित्रभित्रै गद्गद् थिए । कामरेड हेडक्वार्टरले सुइय गर्दै लामो सास फेरे । आफ्नो सपना अन्तै मोडिएकोमा केही असमञ्जस त थियो तर उप्रान्त ज्यानको जोखिम हटेकोमा भने खुसी हुँदै जुङ्गा मुसारिरहेका थिए । गानाबजाना चल्यो । कलाकारहरूले लडाइँका दुखान्त घटनाका नाटक देखाए, नाचे, गाए । आन्दोलनलाई गलत बाटोमा नलैजान खबरदारी गरे । नेताहरू सौँक्कसुँक्क गरे । नाचगानको कार्यक्रम पुरा भयो ।

रात पऱ्यो । एचक्यु टिमका लागि गरम खानपिन तयार भयो । खानपिनका लागि विशेष कोठातर्फ लागे उनीहरू । सबै दर्शक नेताहरू र कलाकारहरू पनि आ-आफ्ना ठाउँतिर लागे । खानपिन गरे । सुते ।

०००

केही समयपछि युद्धको बाटो बदलियो । पार्टी अर्को दिशामा अवतरण भयो । सातघरेहरूसँग तालमेल गरियो । कामरेड हेडक्वार्टरले कामरेड उपाधिसहितको पारिवारिक टोली लिएर सातघरेहरूको गोत्रघरमा प्रकट भए । उनीहरूलाई सातघरेहरूले भव्य स्वागत गर्दै भित्र्याए र आफ्नो कुलगोत्रमा मिलाए । तमसुक लेखियो । दुबैले लेनादेनाको सहिछाप गरे । गराए । अबउप्रान्त कामरेड हेडक्वार्टर गुफा नपस्ने सहमति भयो । अब त ज्यान बाँच्यो भन्दै कामरेड हेडक्वार्टर अन्तर हृदयदेखि नै प्रफुल्ल देखिए । दिव्य बाहु बर्सको ध्यान तपस्याबाट आर्जित शक्ति प्रदर्शन गर्दै लामै प्रवचन दिए कामरेड हेडक्वार्टरले । देशदेशावरका सयौं दूतहरू र खबरदाताहरूले ध्यानमग्न भएर उनको प्रवचन सुने । टेलिभिजन र रेडियोहरूले घटनाको प्रत्यक्ष प्रशारण गरे । देशवासीहरूले हेडक्वार्टरको प्रत्यक्ष दर्शन गर्न पाए । साथै उनको दिव्यवाणी समेत सुन्न पाएकोमा मन्त्रमुग्ध भए । देशमा नयाँ अवतारै जन्मेकोमा मख्ख परे । सातघरेका मुलीले हेडक्वार्टरलाई ठुलो शक्ति बुद्धि आर्जन गरेछौ भन्दै धाप मारे । स्याबासी दिए । अब मेरो उत्तराधिकारी भएर विँडो थाम्ने जिम्मा तिम्रो भयो भन्दै आफ्नो उमेरले डाँडो काटेको जनाउ दिए । आफूहरूलाई कुलगोत्रमा मिलाएकोमा कामरेड हेडक्वार्टरले पनि सातघरेका मुलीलाई कृतज्ञता प्रकट गरे । एउटा अध्याय समाप्त पारी अर्को अध्याय सुरुआत भएको घोषणा गरियो । सबै आ-आफ्नो डेरातर्फ लागे । कामरेड हेडक्वार्टर र कामरेड उपाधिको टोलीलाई सातघरेहरूले सहरका ठुलठुला तारेहोटेलहरूमा सेल्टरको व्यवस्था मिलाइदिए । होटेल मालिकहरूले पनि राता र ताता कामरेडहरूको टोलीलाई स्वागत गर्न र लजिङ फुडिङको व्यवस्था गर्न पाएकोमा गौरवान्वित भए । उता कामरेडहरूको टोली पनि आफ्नो चामत्कारिक सफलता मिलेकोमा युद्ध जितेको महसुस गरे । यो चमत्कारलाई नेपाली युद्धकलाको नयाँ रूप भएको संश्लेषण गरे । तारेका रमझममा व्यस्त भए ।

पार्टीका तलका नेता र कार्यकर्ताहरूले आफ्नो हेडक्वार्टरबाट चमत्कार गर्दै नयाँ युगको शुभारम्भ गरेको जानकारी गराउन देशभर सभाको बन्दोवस्त मिलाए । देश माओवादीमय भयो । 'सबै नेपाली माओवादी, सबै माओवादी नेपाली' भन्ने नाराले धर्तीआकाश गुञ्जायमान भयो । देशका ठुलठुला उद्योगी, ब्यापारी, ठेकेदार, गुत्तब्यापारीहरू खादा, फूलमाला र ब्रिफकेश लिएर हेडक्वार्टरको दर्शनभेट गर्न तारेहरूमा लर्को लागे । विदेशी पाहुनाहरू पनि रेडलेवल र ब्ल्याकलेवल लिएर हेडक्वार्टरको दर्शनभेटमा लामबद्ध भए । शहरका सबै तारेहोटेलहरूमा हेडक्वार्टरको स्वागत गर्न स्पर्धा नै चल्यो । स्वास्नी, छोराछोरी, भाइभतिजा, भाञ्जाभाञ्जीलगायत नाताकुटुम्ब सहितको दलवल लिएर नयाँ घरजम गरे हेडक्वार्टरले । निवासको रक्षार्थ सरकारले जम्बोटोली फौज पठायो । सरकारी फौजले आफ्नो गाथगादीको रक्षा गरेकोमा कामरेड हेडक्वार्टर पुलकित भए ।

युद्धका फौजहरू देशका विभिन्न ठाउँहरूमा क्याम्प जमाएर बसालिए । सात समुद्र पारीबाट दूतहरू आएर क्याम्पमा बसे । उनीहरूले फौजलाई खोरमा राखेर तिनको निगरानी गरे । फौजका लागि देशदेशावरबाट दानापानी ओसारियो । सरकारी दानापानीको बन्दोवस्ती मिलाइयो । सरकारी दानापानीबाट फौजका कमाण्डरहरूले सिलित्त बग्ने महङ्गा गाडी किने, सहरहरूमा घरघडेरी जोडे । ठुलठुला ठेक्का र व्यापारमा लागे । लगाए । ठेक्का र ब्यापारबाट आएका कमिसन फौजका मुख्य कमाण्डर नेताहरूसम्म पुऱ्याइयो । सरकारी दानापानीबाट जम्मा पारिएको ठुलो रासी नियमित रूपमा कामरेड हेडक्वार्टरसम्म पुऱ्याउने व्यवस्था मिलाइयो । हेडक्वार्टरमा दिन दुगुना रात चौगुनाले ढिकुटीको थुप्रो लाग्दै गयो । हेडक्वार्टर पुलकित हुँदै गर्वले छाती फुलाउँदै गए । कामरेड हेडक्वार्टरले ढिकुटीको रक्षा गर्ने जिम्मा श्रीमती र छोरा भतिजाहरूलाई दिए । परिवारका सदस्यहरूको बाक्लो घेराबन्दी तयार गरियो । श्रीमती, छोराछोरी र आफ्ना भित्रियाहरूको टोली लिएर हेडक्वार्टर देशदेशाटनमा निस्किए ।

०००

दिन महिना हुँदै बर्स बित्दै गए । प्रवासबाट पनि एचक्यु टिमका अन्य सदस्यहरू र नेताहरू छुटेर आए । कामरेड हेडक्वार्टर र कामरेड उपाधिपट्टिका भित्रियाहरू ठेक्कापट्टा, बन्दव्यापार, घरघडेरीको कारोबार तथा काष्ठजन्य पदार्थ र किराफट्याङ्ग्राहरूको गुप्तब्यापारमा लागे । पार्टीमा कमण्डलु, झोलीतुम्मा र शङ्खघण्ट लिएका नयाँ जोगी, पण्डा, फकिर र नन्दी भृङ्गीहरूको लस्कर पस्यो । कोही एक्लाएक्लै पसे, कोही बथान बथान बनाएर पसे । कामरेड हेडक्वार्टर तथा कामरेड उपाधिहरूलाई स्वागत गर्न र भित्र्याउन भ्याइ नभ्याई भयो । ती पण्डा, जोगी र फकिरहरू कामरेड हेडक्वार्टरको भजनकिर्तनमा अहोरात्र खटिए । उनीहरूले कामरेड हेडक्वार्टर र उपाधिपट्टिका पुराना मित्रमण्डली र युद्धबाट आएका भित्रियाहरूलाई समेत भजनकिर्तन र शास्त्रका श्लोकहरू घोकाए । यसबाट कामरेड हेडक्वार्टर अझ शक्तिशाली बन्दै गए । उनले आफूलाई देशदेशावरबाट ठुलठुलो समर्थन आएको र आफ्नो यात्रा सही भएको भन्दै बिरोध नगर्न अन्य नेता कार्यकर्ताहरूलाई चेतावनी दिए । उनको चेतावनी अस्वीकार गर्दै आलोचना, टिकाटिप्पणी गर्ने र आफ्नो यात्राका बारेमा प्रश्न उठाउनेहरूलाई शनैःशनैः पाखा लगाउन थाले । हेडक्वार्टरको यो क्रियाकलाप देखेपछि उनका भित्रियाहरू झनै ठुलठुलो स्वरमा उनको स्तुतिगान गर्न थाले । पार्टीमा हेडक्वार्टरको भजन गाउने, उनको यात्रालाई सही भन्ने र नभन्नेहरूका वीच दुईवटा समुह बने ।

चुनखोलाको बैठकले लिएको नीतिका बारेमा छलफल र बहस सुरु भयो । कामरेड हेडक्वार्टर र कामरेड उपाधिको गठजोड र नियतमाथि संशय पैदा भयो । खटपट सुरु भयो । पार्टीमा हेडक्वार्टरले गन्तव्य भुलेको, बाटो बिराएको, विगतको आफ्नो सपनाप्रति घात गरेको भन्नेहरूको जमात बढ्दै गयो । पार्टीमा चलेको गरमागरम बहसलाई हेडक्वार्टरले पटकपटक चिसो पानी खन्याउँदै साम्य पार्न थाले । तर पनि बहसको आगो भुसको आगोझैं सल्किँदै गयो । अन्त्यमा युद्धबाट आएको एउटा टोली हेडक्वार्टरका विरुद्ध धावा बोल्न कम्मर कस्यो । बहसले अझ मुर्त रूप लिन थाल्यो ।

अहिले युद्धकालको विशाल फौज पनि छैन ऊसँग । कति फौजलाई सरकारी पैसासँग बिनिमय गरेर क्षतबिक्षत पारिसक्यो ऊ आफैंले । कति विदेश पलायन भए । कति सरकारी पिटी परेडमा सामेल भए । यसरी पछिल्ला दिनमा आफैंलाई घाँडो बनेका विशाल फौज समाप्त पार्न सफल भएकोमा कामरेड हेडक्वार्टर र उपाधिले केहीदिन चैनको ठुलो सास फेरे । प्रफुल्ल भए । यसो गरेकोमा सातसमुद्र पारीका मित्रमण्डलीहरूले ...बाँकी ८ पेजमा

## कविता

# परिस्थिति

● हिरामणि दुःखी

*परिस्थिति*  
*सहर पस्नु अघि*  
*गाउँमा थिए उनीहरू*  
*गाउँमै बस्थे, खान्थे र पिउँथे*  
*सुन्दर वस्तीको नक्सा*  
*बेहिचक कोर्थे गाउँमै,*  
*घण्टौंसम्म*  
*दिनहुँ र महिनौंसम्म*  
*बहस र छलफल गर्थे*  
*वादे वादे जायतेः तत्वबोध*  
*सूत्र पहिल्याउँथे*  
*गाउँलेहरूमा कण्ठाग्र थियो सूत्र,*  
*एक, दुई, तीन*  
*दर्जनौं, सयौं र हजारौं*  
*मालचरीका ताँतीहरूझैं*  
*हुन्थे गाउँलेहरू लामवन्दी*  
*अभियन्ताहरूसँग*  
*नयाँ बस्ती निर्माणका ।*  
*सहरिया बुज्रुकहरू उनीहरूलाई*  
*जङ्गली भन्थे/भनिरहे*  
*असभ्य देख्दे/देखिरहे*  
*मुर्ख ठान्थे/ठानिरहे*  
*प्रतिफलमा*  
*मूर्ख, असभ्य र जङ्गली*  
*ठहरिए आफूहरू नै*  
*यो कुरा*  
*गाउँलेहरूले प्रमाणित गरिदिए ।*  
*तीन प्रहर बितिसक्यो*  
*अहिले उनीहरू*  
*सहरमा नक्सा कोरिरहेछन्*  
*नयाँ बस्ती निर्माणको,*  
*यसबाट*  
*त्रसित छन्*  
*भयभित छन्*  
*आतङ्कित छन्*  
*र मच्चिएको छ कोलाहल*  
*सहरवासी बुज्रुकहरूमा*  
*र तिनीहरू*  
*आफ्नो जङ्गली राज*  
*शैतानी शासन र कानुन*  
*खरानीमा परिणत भएको*  
*देख्नबाट बच्न*  
*रात लम्ब्याउने ध्याउन्नमा*  
*प्रभुहरूको आराधनामा*  
*लीन छन् ।*  
*जति गुमस्ता गरे पनि*  
*अर्थात प्रभुको पाउ मले पनि*  
*के सक्थे सैतानहरू*  
*समयको प्रवाह रोक्न*  
*निशाचर अवस्य हट्नेछ*  
*र, उज्यालो हुनेछ,*  
*उज्यालोमा*  
*सुन्दर विहानीसँगै*  
*नयाँ युगका अभियन्ताहरू*  
*आफ्नो कार्यशाला*  
*अघि बढाउने छन्*  
*र, बसाल्ने छन् नयाँ बस्ती*  
*त्यो प्रहर*  
*अब लामो हुने छैन ।*  
*०६६ भाद्र १०*  
*थापाथली, काठमाडौं*  
*०६६/५/जनादेशमा छापिएको*

●

# सिंहदरवार ! तिमी कहिले आउँछौं



● रामचन्द्र हुमागाई

*सिंहदरवार !*  
*सिंहदरवार ! तिमी कहिले आउँछौ,*  
*मेरो आँगनमा ।*  
*मेरो छिमेकी मुक्तिप्रसाद*  
*चुनावमा आएथ्यो र भनेथ्यो,*  
*म सिंहदरवार पस्ने बित्तिकै*  
*तिमीलाई मेरो आँगनमा*  
*पठाइदिन्छु भन्थ्यो*  
*ऊ सिंहदरवार पसेको पनि*  
*नौमहिना भैसक्यो*  
*तर, तिमी आएनौ*  
*कहिले आउँछौ सिंहदरवार*  
*तिमी मेरो आगनीमा !*  
*छिमेकीहरू भन्दै थिए,*  
*सिंहदरवार आउँछ,*  
*हामीलाई पानी ख्वाउँछ*  
*सिंहदरवार आउँछ, बाटो बनाउँछ,*  
*सिंहदरवार आउँछ, विकासको बक्सा ल्याउँछ*  
*अब कसैले विदेश जानु पर्दैन,*  
*कोही भोको मर्दैन,*  
*तर सिंहदरवार तिमी कहिले आउँछौं ?*  
*कि आउँदैनौ ?*  
*कतै तिम्रा ती पुराना भरौटेहरूले*  
*नयाँ भरदारलाई दवाएर राखे ?*  
*होइन, होइन !*  
*लड्डुपेडा ख्वाए ?*  
*कि वालुवाटारका विटा भिराए ?*  
*हाम्रा आँखामा*  
*मिर्ची पाउडर फ्याकेर*  
*पोको पारिएका विटाहरू*  
*अब धेरै दिन टिक्ने छैनन्*  
*सिंहदरवार, तिमी कहिले आउँछौ ?*  
*कि आउँदै आउँदैनौ !*

## मार्क्सवादी...

नेकपा र नयाँ शक्ति पनि थिए । नयाँ शक्तिबाहेक हालका नेकपा(क्रान्तिकारी माओवादी) र नेकपाले नेपालमा यस्तो प्रतिनिधिमूलक संस्थाको स्थापना गर्नमा जोड दिएका थिए जो 'संसदीय होइन, कार्यकारी' निकाय होस् । उनीहरूको जोड अब बन्ने प्रतिनिधित्वपूर्ण निकायहरू गफ गर्ने कोठाको रूपमा नभई एउटा कार्यकारिणी संस्थाको रूपमा स्थापित होऊन् भन्ने थियो । तर संसद्वादी दलहरू भने माओवादीको यो भनाइमा कत्ति पनि सहमत थिएनन् । उनीहरू सबैको जोड संसद् र संसदीय व्यवस्थालाई संस्थागत गर्दै अब बन्ने प्रतिनिधित्वपूर्ण निकायहरूलाई पनि अहिलेको जस्तै गफ गर्ने कोठाकै रूपमा निरन्तरता दिनमा नै रहेको थियो । नेकपा(माओवादी केन्द्र)ले संसदीयको सट्टा 'कार्यकारी' निकायहरूमा बदलिदिनु पर्दछ भन्ने भनाइलाई संसदवादीहरू-मूलतः एमाले र कांग्रेसले एकाधिकारवादी, सर्वसत्तावादी भनेर आरोप लगाइरहेका थिए । मार्क्सले भनेभैं त्यसबेलाको माओवादीहरूको यी भनाइले सबै प्रकारका संसदीय 'कोठे छाउराहरू'को मर्मस्थलमा नै कसरी चोट पुग्ने किसिमले भनिएको रहेछ अब स्पष्ट बन्दै गएको छ । माओवादी आन्दोलन जब विभाजित भयो, त्यसको क्रान्तिकारी धारको प्रतिनिधित्व गर्ने पक्षहरू- हालका नेकपा( क्रान्तिकारी माओवादी) र नेकपा माथि उल्लेखित मार्क्सका भनाइहरूमा अभैं पनि दृढ संकल्पित देखिएका छन् भने त्यसको अर्कोपक्ष माओवादी केन्द्र र नयाँ शक्ति मार्क्सको शब्दमा संसदीय 'कोठे छाउराहरू'को लाइनमा खडा भएका छन् ।

एउटा पुँजीवादी देशमा संसद भनेको सबैभन्दा माथिल्लो कानुन निर्माण गर्ने अंग हो । केही वा पूर्णरूपमा यसका सदस्यहरू जनताद्वारा निर्वाचित हुन्छन् । पुँजीवादी प्रजातन्त्रअन्तर्गत संसद् एउटा यस्तो क्षेत्र हो जहाँ जनसंख्याको प्रतिनिधित्व गर्ने राजनीतिका विभिन्न पक्षहरूको मिलन हुन्छ ।

अहिले भारत, बेलायत, अमेरिका तथा युरोप, एशियाका सबै देशहरूका संसदीय व्यवस्था भएको जुनसुकै मुलुकहरूको अनुभवबाट यो स्पष्ट हुन्छ- वास्तविक 'राजकीय' कार्य त पर्दापछाडि हुन्छ र विभिन्न विभागहरू, कार्यालयहरू र अड्डाखानाहरूले त्यो कार्य पूरा गर्दछन् । संसदहरूमा चाहि सर्वसाधरण जनताको आँखामा छारो हाल्ने विशेष उद्देश्य राखेर खाली गफ मात्रै हाँकिन्छ । मार्क्सका यी भनाइहरू यति हदसम्म अहिलेको नेपालको संविधानसभाले आफूलाई वास्तविक संसद्को स्थापना गर्न नपाउँदै संसदीय व्यवस्थाका यी सबै दोषहरू तुरून्तै प्रकट भइसकेका छन् । वर्तमान संविधानसभालाई एमाले र नेपाली कांग्रेसले त नेपालमा जनवादी राज्यसत्ता स्थापना गर्ने भनेर दशवर्षे जनयुद्ध गरेको माओवादीको एउटा पक्ष-माओवादी केन्द्रलाई समेत यही घृणित पुँजीवादी संसदीय व्यवस्थाको पाराले बिटुल्याउन सफल भएका छन् र अहिलेसम्मका अनुभवले माओवादी केन्द्रका सभासदहरूलाई पनि यही फोस्रो गफ हाँक्ने ठाउँमा जम्मा भएर उनीहरूजस्तै गफास्टकका रूपमा परिणत गरिदिएका छन् । संविधानसभामा अहिले माके र विगतमा एमाले र अन्य केही कम्युनिष्ट भनाउँदा महानुभावहरू नारा फलाकेर र क्रान्तिको कुरा गरेर सिधासाधा किसानहरूलाई ठग्दैआएका थिए, जसलाई संसद्वादी कम्युनिष्ट भनिन्छ । संसदवादी कम्युनिष्टहरू अन्य संसद्वादी दलहरू जस्तै सरकार बनाउने, सरकारभित्र अनेक प्रकारका चालबाजीहरू चलाइरहने काममा अभ्यस्त बन्दै आएका छन् । एकातिर बढी संख्यामा आफ्ना नेताहरू र कार्यकर्ताहरूलाई पालैपालो इज्जत र आम्दानी हुने दुवै ठाउँमा जागिर दिने गरिन्छ भने अर्कोतिर जनताको ध्यान अन्यत्रै मोड्न कसरी सकिन्छ भन्नेबारे उनीहरू सिपालु छन् । माओवदी केन्द्रले पनि आफूलाई व्यवहारबाट संसदवादी कम्युनिष्टहरू अन्य संसदवादी दलहरूभन्दा फरक देखाउन असफल बन्दै गएको छ र परिणाम माओवादी केन्द्रले त भन 'वामगठवन्धन' बनाएर एमालेको संसदीय पोखरीमा सदाका लागि पौडी खेल्न तयार बनेको छ । तै पनि मुखले क्रान्तिकारी भन्न छाडेको छैन् ।

मार्क्सले पेरिस कम्युनको कार्यशैलीको आलोचना गर्दै पेरिस कम्युनलाई संसदीय होइन, बरू यस्तो कार्यकारी निकाय बनाउनुपर्दथ्यो, जसले ऐनकानुन पास गर्नुको साथै तिनलाई कार्यान्वित पनि गर्ने छ भनेर भन्नुभएको थियो । संसदीय संवैधानिक राजतन्त्रमा मात्रै होइन, अपितु सबभन्दा प्रजातान्त्रिक गणतन्त्रहरूमा समेत सत्तारूढ वर्गको कुन चाहिँ सदस्यले संसदमा गएर जनताको दमन र उत्पीडन गर्ने हो भन्ने प्रश्नमा केही वर्षमा एकपल्ट निर्णय लिनु नै पुँजीवादी संसदीय व्यवस्थाको वास्तविक सार हो भनेर औल्याउनु भएको छ । कम्युन संसदीय निकाय नभएर कार्यकारी निकाय पनि हुनु पर्ने थियो अर्थात त्यो ऐनकानुन बनाउने मात्र होइन कि त्यसलाई कार्यान्वित पनि गर्ने निकाय हुनुपर्दथ्यो । तर संसदीय व्यवस्थामा अभ्यस्त पुँजीवादी समाजको पैसामा बिक्नेहरूले यसलाई मान्दैनन् ।

पुँजीवादी समाजको पैसामा बिक्ने र मक्किसकेको संसदीय व्यवस्थाको ठाउँमा कम्युनले यस्ता निकायहरू खडा गर्दछ, जहाँ तर्कवितर्क र बहसको स्वतन्त्रता धोखामा परिणत हुँदैन्, किनभने क्रान्तिकारी संसद-सदस्यहरूले स्वयं काम गर्नुपर्दछ, स्वयं आफैले आफ्ना ऐनकानुनहरू कार्यान्वयन गर्नुपर्दछ, जीवनमा तिनको कार्यानवयन कसरी हुँदै छ भन्ने पनि आफैले नै जाँच्नुपर्दछ, र आफ्ना मतदाताहरूसमक्ष पनि आफैले जवाफदेही हुनुपर्दछ । प्रतिनिधिपूर्ण निकायहरू कायमै रहन्छन्, किन्तु विशेष प्रणालीको रूपमा, विधायिका र कार्यपालिकाबीच श्रम विभाजनको रूपमा, प्रतिनिधिहरूको निम्ति सहुलियतपूर्ण स्थितिको रूपमा संसदीय व्यवस्था यहाँ हुँदैन । प्रतिनिधिपूर्ण निकायको अभावमा हामी प्रजातन्त्रको, अभ्र सर्वहारा प्रजातन्त्रको समेत कल्पना गर्न सकदैनौ ।

परन्तु यदि हाम्रो निम्ति पुँजीवादी समाजको आलोचना फोस्रो शब्दजाल मात्र होइन भने, यदि पुँजीवादी आधिपत्यलाई फाल्ने नै हाम्रो वास्तविक र दृढ इच्छा हो र नेपालमा एमाल, माके र अन्य कम्युनिष्टहरू जसलाई अहिले 'वामगठवन्धन' भन्ने गरिन्छ,त्यसको भैं मजदुरहरूबाट भोट लिने 'चुनाव'को नारा मात्र होइन भने नेपालका क्रान्तिकारीहरूले संसदीय व्यवस्था बेगर चाहीं प्रजातन्त्रको कल्पना गर्न सकिन्छ र गर्नु पर्दछ भन्नेमा विश्वास राख्नै पर्छ ।

मार्क्स र पछि लेनीनले सबैभन्दा बढि संसद, संसदीय व्यवस्थाको प्रतिक्रियावादी र जनविरोधी स्वरूपबारे व्याख्या र विश्लेषण गर्नुभएको छ र साथै क्रान्तिकारी कम्युनिष्टले प्रतिनिधिमूलक अङ्गहरूमा किन भाग लिने भन्नेबारे पनि स्पष्ट पार्दै त्यसवारे लिने रणनीति के हो ? आदिवारे निम्न विस्तृत व्याख्या गर्नु भएको छ :

प्रथम मजदुर बर्गसँग कम्युनिष्टहरूको सम्बन्ध बलियो गराउन; द्वितीय राजनैतिक रूपले आम जनसमूहरूलाई संघर्ष र क्रान्तिका लागि प्रशिक्षीत गराउन; र तृतीय पुँजीपतिहरू(राष्ट्रिय)बाट समेत फरक विचारको लागि सहमति ल्याउने तहमा सफलता प्राप्त गर्न, जसले गर्दा केही हदसम्म कामदार तथा ज्यामीहरूको जीवनस्तरमा सुधार ल्याउन सकियोस् । यसमा उहाँले जोड दिएको पक्ष के थियो भने कम्युनिष्टहरूका संसदबादी कार्यहरू भनेका सङ्घर्षका कानुनीरूप अन्तरगत गरीने कार्यहरू हुन्, जुन यदि क्रान्तिकारीले राम्रोसँग उपयोग गर्ने कार्यकुशलता देखाएमा पूर्णरूपले संसदीय कार्यहरू भन्दा बाहिर गरिने क्रान्तिकारी आन्दोलनको आवश्यकता र खाँचोलाई पूरा गर्न साहायक सिद्ध हुन्छन् ।

संसद्मा गएका क्रान्तिकारी कम्युनिष्ट पार्टीका प्रतिनिधिहरूले प्रतिक्रियावादी शक्तिहरूको प्रतिनिधिमूलक अंगहरूको अधिकारलाई सीमित गर्ने वा तिनीहरूलाई बन्द गर्ने कुनै पनि कामको बिरोध गर्छन् र ती संघसंस्थाहरूको माध्यमद्वारा सरकारी नीतिको निर्माणमा प्रभावपारी आम जनता खासगरी गरिब किसान तथा मजदुरहरूका लागि प्राप्त हुने अवसर हरूको विस्तारको लागि मद्दत पुऱ्याउने काम गर्दछन् ।

यी उल्लेखित कामहरू गर्ने कार्यपद्धतिबारे लेनिनले स्पष्ट पार्दै भन्नुभएको छ :

क्रान्तिकारी कम्युनिष्टहरूले संसद्भित्रका ती सदस्यहरूलाई साथमा लिएर त्यस्ता संसदीय कार्यहरू गर्दछन्, जसलाई सबै कामदार जनता र सर्वहारावर्गहरूको आमजनसमूहद्वारा सहयोग र समर्थन गरिएका हुन्छन् । यसको मतलब हो तिनीहरूले पुँजीबादी राज्यका तथाकथित नीर्बाचीत संस्थाहरूले प्रजातन्त्रको नाममा कामदार जनता र सर्वहारावर्गहरूको अहित हुने निर्णय वा काम गर्छन् । क्रान्तिकारी कम्युनिष्टहरूले तिनीहरूले गरेका त्यस्ता काम वा निर्णयलाई ठाडै इन्कार गर्ने र यस्ता कार्यहरूलाई सुधारवादी कार्यमा मात्र सीमित राख्न खोज्ने उनीहरूको अवसरवादी इच्छा दुबैको विरुद्ध निर्मम र सम्भौताहीन संघर्ष चलाउँदछन् ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीहरूले घेरै पुँजीवादी देशहरूमा चुनाबमा अति उत्साहपूर्ण सहयोग र समर्थन पाएका छन र पाउन सक्ने सम्भावना रहन्छ । कम्युनिष्ट समर्थक अनगिन्ती उम्मेदवार हरूले चुनावमा जनताको मत जितेका पनि छन । कम्युनिष्टहरूको पुँजिबादी देशका प्रतिनिधीमूलक संस्थाहरूले गर्ने कार्यहरू पार्टीको कामको एउटा रूप हो । कम्युनिष्ट पार्टीहरू यस्ता पदहरूको लागि मानिस छान्ने कार्यमा एकदमै होशियार हुन्छन् र यो निश्चित गर्न खोज्छन् कि :

(क) राजनीतिक रूपले परिपक्व, आमजनताका बीचमा कामको अनुभव प्राप्त र स्वःस्फूर्त रूपले काम गर्ने पूर्ण क्षमता भएका र पार्टी सदस्यहरू, जो आफ्नो व्यक्तिगत पद र फाइदा आदिबाट विमुख भएका र सुविधाभोगी काम मात्र गर्न नखोज्ने पार्टी सदस्यहरूद्वारा पार्टी लाइनलाई निर्वाचित अंगहरूमा सुरक्षित गरिनेछ ।

(ख) एउटा कम्युनिष्टको मान्यता पार्टीको अधिनमा हुन्छ । जसको लागि उसले काम गर्छ । उनिहरूलाई ठीक र उचितखालका निर्णयहरू गर्न मद्दत पुराउदछ । अनगिन्ती कार्यहरू, जो संसद् बाहिर पनि गरिने हुन्छन्, त्यस्ता कार्यहरूद्वारा प्रगतिशील कानुनहरू पास गर्न सहयोग र समर्थन जुटाउँदछ र त्यस्ता प्रगतिशील विधेयकहरू र कानुनहरू कार्यान्वयन गर्न मद्दत पुराउँदछ ।

क्रान्तिकारी कम्युनिष्टहरूको संसदीय कार्यहरूको सम्बन्धमा उठेका सबालहरू पार्टीका राष्ट्रिय महाधिवेशन र सम्मेलनहरूद्वारा छलफल गरिन्छन् । पार्टीको केन्द्रीय समितिले संसदीय दलको अध्यक्षबाट नियमित प्रतिवेदन सुन्ने गर्छ र व्यक्तिगत रूपमा अन्य भएका प्रतिनिधिहरूद्वारा पनि सुन्ने गर्छ । एउटा कम्युनिष्ट प्रतिनिधि पार्टी र निर्वाचन क्षेत्र दुबैप्रति जिम्मेबार हुन्छ । पर्टीद्वारा उपलब्ध गराइने एउटा महत्वपूर्ण पक्ष भनेको यसका प्रतिनिधिहरू र निर्वाचन क्षेत्रका जनतासँग गरिने नियमित सम्पर्क हो । निर्वाचन क्षेत्रका मतदाताहरूको दैनिक आवश्यकता, खाँचो आदिबारे जानकारी र त्यसको संरक्षण गर्नु उनीहरूसँग नियमित भेटघाट र बैठकहरू गर्नु र उनीहरूले गरेका कामहरू प्रयासहरूलाई अगाडि बढाउन सहयोग र समर्थन जुटाउनु ।

समग्रमा कम्युनिष्टहरूको संसदीय कार्य भनेको जनसमुदायमा काम गर्नु नै हो । निर्वाचन अभियानको दौरानमा सबभन्दा फरक तर असल तरिकाहरू र आमजनतासँगको कामको प्रकारहरू, आमजनतासँगको सम्बन्धको लागि उपलब्ध सबै माध्यमहरूको प्रयोग गरिन्छन । कम्युनिष्ट उम्मेदवारहरूले ठूलठूला जुलुसहरू आमसभाहरूलाई सम्बोधन गर्ने, चिठीपत्रहरू लेख्ने, व्यक्तिगत रूपमा पनि मतदाताहरूलाई भेट्ने, पत्रपत्रिकाहरूमा लेखहरू लेख्ने, रेडियो, टिभी आदिमा बोल्ने इत्यादि । कम्युनिष्टहरूले पार्टीको राजनीतिक लाइन, जसले जनसंख्याको अनगिन्ती क्षेत्रहरूको चाहना, इच्छाहरूलाई समेटेर देशको जल्दाबल्दा समस्याहरूको समाधानका अनेक विकल्पहरूको खाका इंगित गर्छ । त्यसमा आधारित भएर कार्यक्रमहरू दिन्छन् ।

सबै जनतन्त्र तथा जनवादी शक्तिहरूको एकताको लागि काम गर्ने कम्युनिष्टहरूले निर्वाचनमा उनीहरूको एकतालाई प्रोत्साहन प्रदान गर्छ र निर्वाचित अंगहरूमा भएका वामपन्थी दलहरूको संयोजन गर्ने काम गर्छन् ।

संसदमा कम्युनिष्टहरूले एकाधिकार पुँजीको प्रतिक्रियावादी वर्गहरूका घेराबन्दीहरूद्वारा जारी गरिएका नीतिहरूको जनताविरोधी प्रवृत्तिको भण्डाफोर र खुलासा गर्छन् । र एउटा सकारात्मक र रचनात्मक जनतान्त्रिक कार्यक्रमहरू दिएर त्यसको विरोध गर्दछन् ।


कम्युनिष्ट प्रतिनीधीहरूले कामदार जनतालाई सम्बोधन गर्छन् र एकाधिकारवादीहरूको नीतिहरूको वास्तविक लक्ष्य र उद्देश्यहरूबारे बर्णन गर्छन् र सर्वहारावर्ग तथा मजदुरवर्गहरूलाई असर पारिरहेका वा पार्ने समस्याहरू केलाई एउटा प्रजातान्त्रिक समाधानको लागि विशाल जनसंघर्षको लागि जोड दिन्छन ।

कम्युनिष्ट प्रतिनिधिहरूद्वारा संसद्मा अगाडि ल्याइएका मौखिक तथा लिखित सोधखोजहरू, विधेयकहरूलाई आमजनताका संगठनहरूभित्र, कारखानाहरूमा र छरछिमेकहरूसँग छलफल र अन्तरक्रिया गरिन्छन् । कम्युनिष्ट प्रतिनिधिहरूद्वारा ल्याइएका नयाँ-नयाँ प्रस्तावहरू र पेश गरिएका विरोधपत्रहरूको समर्थन र सहयोगको लागि हडतालहरू, जनप्रदर्शनहरू र जुलुशहरू गरिन्छन ।

कम्युनिष्टहरूको संसद्मा गरिने कार्य भनेको आम जनसंघर्षको साथमा संसदीय र गैरसंसदीय क्षेत्र र फाँटका कार्यहरू एकआपसमा हातेमालो गरेर लैजाने हो । कम्युनिष्टहरूले संसद्लाई एउटा यस्तो संस्थाको रूपमा लिन्छन्, जसलाई देशभित्र प्रजातान्त्रिक सुधारहरूको लागि एउटा प्रभावशाली संघर्षको थलो र देश बाहिर शान्तिपूर्ण विदेश नीतिमा प्रभावकारी रूपले प्रयोग गर्न सकिन्छ । मालेमावादको आलोकमा अब कसरी संसदवादको सामना गर्नेबारे पनि क्रान्तिकारीहरूको एकता अनिवार्य बन्न गएको छ ।

यसो भन्दाभन्दै क.लेनिनले संसदीय प्रकारका कार्यहरूमा सहभागी भइरहँदा क्रान्तिकारी कम्युनिष्टहरूमा आउन सक्ने सुधारवादी तौरतरिकाको खतराको विरुद्ध पनि सचेत गराउनु भएको छ । यदि क्रान्तिकारी कम्युनिष्टहरूमा त्यस्तो भड्काव आयो भने त्यसले समाजवादी क्रान्तिको लागि मजदुर किसानहरूको तयारीको निम्ति आवश्यक पर्ने उनीहरूको प्रशिक्षणमा र उनीहरूको संगठन गर्ने काममा अवरोध ल्याउँछ र त्यसले उल्टो संसदीय व्यवस्थालाई नै बल पुऱ्याउँछ भनेर भन्नुभएको छ । आखिर क्रान्तिकारी कम्युनिष्टहरूले मार्क्सले भनेभैं यस्तो संसदीय व्यवस्थाबाट छुटकारा पाउने बाटो कुन हो ? र कसरी संसद्बेगर पनि काम चलाउन सकिन्छ ? यी प्रश्नहरूको दीर्घकालीन समाधानका लागि क्रान्तिकारीहरूले संसद् र संसदीय व्यवस्थालाई स्थायित्व दिने खालका कुनै पनि नियम कानुन र कार्यको विरोध गर्नै पर्छ ।

singhhukum683@gmail.com



पुस २५ देखि माघ १ गते सम्मको दुर्वाच्य

रामचन्द्र हुमागाई



## कुकुरलाई मासु पैंचो

**पुस २५ गते ।** कुकुरलाई मासु पैंचो दियो भने कहिले फिर्ता गर्ला ? कहिल्यै गर्दैन तर यहाँ त पैंचोको होइन माग्नेलाई चन्दा दिएको विषय उठान भैरहेको छ । आजभन्दा भण्डै ३० वर्ष अगाडि विदेशीले नेपालीका लागि बनेपाबाट पनौतीतर्फ जाने बाटोमा आइ.टि. पार्क निर्माण गरिदिएको थियो, जुन निर्माण हुँदा दक्षिण एसियामा यस्ता पार्क छँदै थिएनन् । त्यो पार्क पञ्चायती शासकहरूले सञ्चालन गर्न खोजे, सकेनन् । कांग्रेसको बहुदलीय व्यवस्थाले बेच्न खोजेको थियो, सकेन र अहिले भैंसी चराउँने मैदान बनेको छ । आगामी बन्ने वाम भनिएको सरकारले पनि सञ्चालनमा ल्याउन सकेन भने त्यो पार्क साँच्चै नै कुकुरलाई मासु पैंचो हुनेछ ।

**पुस २६ गते ।** आफूलाई निकै समाजसेवी भन्न रुचाउने, नेपालको मेडिकल सेवामा आमूल परिवर्तन गर्नुपर्छ भन्दै १४औंपटक आमरण अनशनमा बसेका डा.गोविन्द के.सी.लाई १५औंपटकको आमरण अनसनस्थलबाटै अदालतको मानहानी गरेको भन्दै राती गिरफ्तार गरेर प्रहरी परिसर सिंहदरबारमा राखिएको छ । उनलाई आजै बिहान अदालतमा हाजिर गराउन प्रहरीलाई अह्राइएको छ ।

**पुस २७ गते ।** हिजोमात्रै गिरफ्तारमा परेका डा.गाविन्द के.सी.लाई वयान लिएर साधारण तारेकमा छाडिएको छ तर के.सी.ले न्यायाधीशहरूको बाँकी रहेको नैतिकता पनि खरानी बनाइदिएका छन् । उनको मागअनुसार प्रधानन्यायाधीशको प्रमाणपत्र नक्कली निस्कियो भने न्यायालयको के अवस्था होला ?

**पुस २८ गते ।** नेपाल टेलिकमले अब चीनबाट पनि इन्टरनेट प्रविधि भित्र्याएको छ । पछिल्लोपटक भारतले गरेको अघोषित नाकाबन्दीताका नेपाल टेलिमकलाई विकल्प खोज्न सरकारले निर्देशन दिएको थियो । नेपालमा लक्ष्यअनुसार भएको काम यहीमात्रै होला ।

**पुस २९ गते ।** नेपालको विकास निर्माणमा को हो बाधक ? अब जनताले खुट्याउन पर्ने भएको छ । ३०औं वर्षदेखि स्थायी सरकार नभए पनि निजामती कर्मचारी त छन् नि ! यिनै कर्मचारी जागिर खाएर पेन्सन पचाउँछन् तर आफ्नो जिम्मेवारी पूरा गर्दैनन् । बीसौं वर्ष अगाडि ७५० मेगाहर्ष पावर विद्युत उत्पादन गर्ने पश्चिम सेती जलविद्युत परियोजना चिनियाँ कम्पनीलाई ठेक्कामा दिइएको थियो । सम्भौताअनुसार निकै अगाडि तयार पनि भइसक्नुपर्ने थियो तर दक्षिणको दानापानी खाएर अहिलेसम्म पनि सम्भौता नभएका कारणले त्यो परियोजनाबाट चीनले हात भिकिसकेको छ र अब परियोजना निर्माण नहुने पक्का भैसकेको छ । यो भन्दा अगाडि अरुण तेस्रोमा त्यस्तै भएर विश्वबैंकले हात भिक्दा बीस वर्ष नेपालीले लोडसेडिङको मार खेप्नुपरेको जगजाहेरै छ ।

**पुस ३० गते ।** जे गरे पनि दुवै हातमा लड्डु भनेभैं निजामती कर्मचारीका हातमा फेरि लड्डु पर्ने भएको छ । यो लड्डु कसरी पर्छ त ? निर्वाचनमा पाहा पछारिएभैं पछारिएको नेपाली कांग्रेस, देउवा सरकारले स्वेच्छिक अवकास दिने विध्येयक पास गराएर अब आउने सरकारको थाप्लो माथि अर्बौंको भार थपिदिएको छ । ३० वर्ष नोकरी अवधि पुगेका र पचासवर्ष उमेर नाघेका कर्मचारीलाई अवकास दिंदा स्वतः राज्यको थाप्लोमा आर्थिक भार थपिने नै भयो । ५८ वर्ष उमेर हद् तोकिएकोमा आठ वर्षको गोल्डेन ह्याण्डचेक पाउने भएकाले को नै पछि पर्ला र !

**माघ १ गते ।** एकातिर सरकारको ढुकुटीमा अर्बौं फ्रिज रहेको नेपाल राष्ट्र बैकले फुकिरहेको छ भने अर्कातिर वजेटको अभावमा वर्षौं देखि निर्माणधिन सडक अलपत्र भन्ने समाचार आइरहेका छन् । आखिर यो के नाटक हो ? नेपाल सरकारको ? बङ्ग्नै कठिन, बुझ्यो भन् कठिन भनेको यही नै होइन त !

## किसान र महिलाहरु पनि अभियानमा जुट्ने

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट जबस मोर्चाहरुका बैठकहरु बसी पार्टीको तीन महिने संगठन तथा जनपरिचालन अभियान सफल पार्न संगठनलाई व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न कार्यविभाजन गर्ने र कार्ययोजना निर्माण गने काम धमाधम भइरहेका छन् । अखिल नेपाल किसान संघ (क्रान्तिकार)को केन्द्रीय समितिको सचिवालयको बैठकले किसानहरुले भोग्नुपरेका समस्याहरुलाई सुत्रबद्ध गरी आम किसानहरुलाई संगठित गर्ने र आन्दोलन उठान गर्ने निर्णय गरेको छ । त्यसैगरी अखिल नेपाल महिला संघ (क्रान्तिकारी)को पदाधिकारी र उपलब्ध केन्द्रीय सदस्यहरुको बैठकले संघको केन्द्रीय समितिको बैठक माघको १६ र १७ मा चितवनमा बस्ने निर्णय गरेको छ । बैठक पार्टी कार्यालय बुद्धनगरमा भएको थियो ।

## कम्युनिष्ट...

सोच्ने तरिका । कुनै पनि विषयलाई निरन्तरतामा बुझ्ने तरिका । जसोतसो दिन कटाउने तरिका । यी तरिकाहरू गलत छन् । आजै केही हुनुपर्छ आफैले केही पाउनु पर्छ भन्ने जसरी सोच्ने र शीघ्र विजयको मानसिकता राख्नेको पनि विरोध गर्नुपर्छ, तर आलस्य जस्तो, सबै जोसजाँगर मरेको जस्तो, भण्डै-भण्डै सुस्त जस्तो गरी सोच्ने र विषयवस्तुलाई ग्रहण गर्ने तरिकाले अरुलाई प्रभावित पार्न सकिंदैन । यी समस्याहरू पनि निम्न पुँजीवादी चिन्तनका कारण उत्पन्न भएका हुन् । स्वस्थ रहनु, फूर्तिलो रहनु, सबै विषयमा संवेदनशील बन्नु, अनि जुभारु रहनु आजको आवश्यकता हो । जुभारु बन्ने सवालमा हामीमा आत्मसुरक्षावाद नै त हावि छ भनेर नभनौं तर बोधो या दब्बु बनेर पनि क्रान्तिकारी आन्दोलनलाई अगाडि बढाउन सकिदैन भन्ने कुरा बुझ्न भने आवश्यक छ ।

यी माथिका समस्याहरू कम्युनिष्ट आन्दोलनका स-साना समस्याहरू हुन् तर यिनीहरूमाथि आवश्यक ध्यान दिएर शुद्धीकरणमार्फत् सुधार नगर्ने हो भने तिनीहरूले नै निरन्तर क्षति गरिराखेका हुन्छन् । आउनुहोस् यी समस्याहरूलाई गम्भीरतापूर्वक लिएर संघर्ष गर्दै अगाडि बढौं ! जित हाम्रो सुनिश्चित छ ।

*मितिः-२०७४ पुस २८*

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्भनुहोस् ।

मितेरी यातायात एण्ड अटो प्रा.लि.

प्रधान कार्यालय : कलंकी, काठमाडौं
फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्भनुहोस् ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्भनुहोस् ।

नारायणी यातायात व्यवसायी संघद्वारा संचालित

टाटा सुमो सेवा

काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

काठमाडौं सम्पर्क नम्बर
बसन्त खड्का - ९८४२८३७७९३
- ९८१७७१९६९७
ईन्द्र कट्टेल - ९८१८४१५२९०

गाईघाट सम्पर्क नम्बर
फोन नं. ०३५-४२१६४३
पुरुषोत्तम खनाल - ९८५२८३५६९०
- ९८१५७८४८७४

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्भनुहोस् ।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी - ९८५१०१८९१२
राम के.सी. - ९८५१०५४२६४
होम छन्त्याल - ९८४१९०६५७२
गोपाल थापा : ९८४१८११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ

A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# 'तीन गर र तीन नगर'



● माओत्सेतुङ

महान् सर्वहारा सांस्कृतिक क्रान्तिका बेला हामीले ल्यु शाओ ची र लिन पियाओले नेतृत्व गरेका दुईवटा बुर्जुवा मुख्यालयहरू ढलायौं र महान् विजय हासिल गऱ्यौं तर संघर्ष सकिएको छैन । समाजमा वर्ग संघर्ष र पार्टीमा दुईलाईनका बीचको संघर्ष आउने लामो समयसम्म चलि रहने छ । सबै कम्युनिष्टहरूले 'तीन गर र तीन नगर'को सिद्धान्त पालना गर्नु पर्दछ र सर्वहारा अधिनायकत्वअन्तर्गत क्रान्तिलाई जारी राख्ने अग्रपंक्तिका कर्मठ कार्यकर्ता बन्नका लागि सबै गलत कार्यदिशा र प्रवृत्तिहरूका बिरुद्ध संघर्ष गर्ने साहस गर्नु पर्दछ ।

मार्क्सवाद लागु गर्न र संशोधनवाद लागु नगर्न अर्थात जटिल संघर्षको स्थितिमा सही बाटो एवं दिशा पत्ता लगाउन र अध्यक्ष माओको सर्वहारावादी क्रान्तिकारी कार्यदिशा दृढतापूर्वक लागुगर्न एउटा कम्युनिष्टले "गंभीरतापूर्वक मार्क्सवाद पढनु र अध्ययन गर्नु पर्छ र त्यसलाई गहिरो गरी आत्मसात गर्नु पर्छ" । हामी कम्युनिष्टहरूले मार्क्सवाद-लेनिनवाद-माओ विचारधाराको निष्ठापूर्वक अध्ययन गर्नु पर्दछ, यसलाई गहिरो गरी आत्मसात गर्नु पर्दछ, तीन महान क्रान्तिकारी आन्दोलनमा सक्रियतापूर्वक भाग लिनु पर्दछ, अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशाको अन्तरवस्तु र सारलाई गहिरो गरी बुझ्नु पर्छ । यसरी मात्र हामीले नक्कली मार्क्सवादबाट सक्कली मार्क्सवादलाई, गलत कार्यदिशाबाट सही कार्यदिशालाई र गलत विचारबाट सही विचारलाई अलग गर्न सक्छौं । यसरी मात्र हामीले आफुलाई धोका हुनबाट बचाउन सक्ने छौं र पूंजीवादी तथा संशोधनवादी विचारको हानिकारक प्रभावलाई विफल पार्न, सर्वहारावादी अडान लिन, समाजवादी बाटोमा अगाडी बढन र संशोधनवाद होईन मार्क्सवादलाई लागुगर्न हामी योग्य हुने छौं ।

संशोधनवाद लागु गर्न होईन मार्क्सवादलाई लागु गर्न एउटा कम्युनिष्टले संशोधनवाद र पूजीवादी विश्व दृष्टिकोणको पनि आलोचना गर्नु पर्दछ । महान क्रान्तिकारी आलोचना गर्नु भनेको पुंजीवादी विचारलाई परास्त गर्न सर्वहारा विचारलाई प्रयोग गर्नु र संशोधनवादलाई आलोचना गर्न मार्क्सवाद-लेनिनवाद-माओ विचारधारालाई प्रयोग गर्नु भनेको हो । यदी समाजवादी अवधि भरी हामीले यस्तो आलोचनालाई व्यापक गराएनौ भने, पार्टीलाई भ्रष्ट बनाउने र सर्वहारा वर्गको अधिनायकत्वलाई मिल्काउने खालका पूजीवादी र संशोधनवादी विचारहरूले विना कुनै अवरोध फैलिन, जनसमुदायलाई विषाक्त पार्न र समाजवादको आर्थिक आधारलाई ध्वस्त गर्ने विध्वंशकारी भूमिका खेल्न सक्ने छन् । सही समाजवादी दिशामा निरन्तर अगाडि बढन र सर्वहारा वर्गको अधिनायकत्वलाई सुदृढ गर्न हामीले संशोधनवाद तथा पूंजीवादी विश्व दृष्टिकोणको आलोचना गर्नै पर्दछ, संस्कृतिका विभिन्न क्षेत्र लगायत उपरी संरचनामा संघर्ष-आलोचना-रूपान्तरणको प्रक्रियालाई उचित तरिकाले संचालन गर्नु पर्दछ । सच्चा क्रान्तिकारी आलोचना गर्न हामीले दीर्घकालिन युद्ध संचालन गर्ने विचारलाई आत्मसात गर्नु पर्दछ, पार्टीको आधारभूत कार्यदिशालाई विस्तृत रूपमा बुझ्नु पर्दछ र संशोधनवादको गहिरो आलोचना गर्नका निम्ति लिउ शाओची र लिन पियाओले छाडेका नकारात्मक उदाहरणहरूको पूर्ण उपयोग गर्नु पर्दछ । संघर्षको आम दिशाबाट भडकिने खतराबाट बच्ने बाटो यही मात्र हो र कुन कुराले पार्टीको कार्यदिशा संग मेल खान्छ र के ले खाँदैन भन्नेका बीचमा हामीले रेखाङ्कन गर्ने उपाय पनि यही हो । संशोधनवाद आजको विश्वमा पनि प्रमूख खतरा रहेको छ । मार्क्सवादको अध्ययन गर्नु र संशोधनवादको आलोचना गर्नु पार्टीको वैचारिक स्तर उठाउन हामीलाई सक्षम बनाउने हाम्रा दुईबटा दीर्घकालिन कामहरू हुन् ।

पार्टी भित्र र बाहिर, कम्युनिष्टहरू खुला हुनु पर्दछ र ठूलो संख्यामा जनतालाई एकतावद्ध गर्नु पर्दछ । पार्टी भित्रका सबै प्रश्नहरू सुल्झाउने क्रममा हामी कम्युनिष्टहरूले कम्युनिष्ट जोश देखाउनु पर्दछ, सिङ्गो पार्टी र यसको एकतालाई आधारभुत कुरा मान्नु पर्दछ र पार्टीको हितलाई प्रस्थान बिन्दु मान्नु पर्दछ – यी पार्टीको एकतालाई सुदृढ गर्ने महत्वपूर्ण सिद्धान्तहरू हुन् । क्रान्तिकारी कित्ता भित्र कम्युनिष्टहरूले एकताको नमुनाका रूपमा कामगर्नु पर्दछ । कार्यकर्ताहरू त्यहि क्षेत्रबाट आएका हुन वा बाहिरबाट, सैनिक कार्यकर्ता हुन वा असैनिक, पुराना हुन वा नयां, तिनीहरूले पार्टी तथा जनताका हितलाई प्रस्थान विन्दुको रूपमा लिनु पर्दछ । तिनीहरूको विशाल दृष्टिकोण हुनु पर्दछ, एकतालाई मजबुत बनाउनका निम्ति तिनीहरूले एक-अर्कालाई सम्मान गर्नु पर्दछ र सहयोग गर्नु पर्दछ । गल्ती गर्ने कमरेडहरूसंग व्यवहार गर्दा कार्यकर्ताहरूले दुई प्रकारका अन्तरविरोधहरूका बीचमा फरक छुट्याउनै पर्दछ । तिनीहरूले गल्ती पहिचान गर्न र तीनलाई सच्याउन कमरेडहरूलाई हार्दिकताका साथ सहयोग गर्नु पर्दछ र कुन कुराले पार्टीको कार्यदिशासंग मेल खान्छ र कुन कुराले खाँदैन भन्ने विषयका बीचमा स्पष्ट फरक देखाएर तीनलाई सामुहिक काममा सहभागी गराउन सक्नु पर्दछ । यही तरिकाले मार्क्सवादी-लेनिनवादी सिद्धान्तका आधारमा हामीले हाम्रा चिन्तन र कामलाई एकीकृत गर्न, एकतालाई बलियो पार्न र एकसाथ संघर्ष गर्न सक्ने छौं । समग्रमा, हामी कम्युनिष्ट पार्टीका सदस्यहरू जनतासंग खुला हुनु पर्दछ, कुनै हातमा पनि आफुलाई उच्च ठान्नु हुदैन, संकीर्णता देखाउनु हुदैन र गोप्य तरिकाले गुटवादी गतिविधिमा लाग्नु हुदैन । हामी प्रसिद्धि र नाफाको लागि चिन्तित हुनु हुदैन । हामीले कहिल्यै पनि व्यक्तिगत स्वार्थबाट प्रेरित भएर अगाडि बढनु हुदैन न त गलत तरिकाले पद प्राप्त गर्न प्रयत्न गर्न नै हुन्छ । हामीले सबै कुराहरूमा अध्यक्ष माओ र केन्द्रीय समितिका निर्देशनहरूलाई मान्नु पर्दछ र पार्टी एकतालाई ध्वस्त गर्ने उद्देश्यले चलाईएका सबै गतिविधीका विरुद्ध दृढतापूर्वक संघर्ष गर्नु पर्दछ ।

कम्युनिष्टहरू ईमान्दार र खुला दिलका मानिस हुनु पर्दछ । यसको लागि हामी कम्युनिष्ट पार्टीका सदस्यहरूले दृढ अडान राख्नु पर्दछ, सबैले देख्ने गरी हाम्रो झण्डा उंचो उठाउनु पर्दछ, सिद्धान्तमा अडान लिन र संघर्ष गर्न साहस गर्नु पर्दछ । हामीले सबै महत्वपूर्ण राजनीतिक प्रश्नहरूमा स्पष्ट विचार बनाउनु पर्दछ, समर्थन वा विरोधको स्पष्ट धारणा राख्नु पर्दछ र द्वीअर्थी वा अस्पष्ट तरिकाले व्यवहार गर्नु हुदैन । खुला र स्पष्ट हुन हामी संग सत्यबाट तथ्य पत्ता लगाउने स्पष्ट मनोदृष्टि हुनु पर्दछ । जब हामी बोल्छौं अथवा एउटा प्रश्नको सामना गर्दछौ तव हामी संग स्पष्ट वैज्ञानिक दृष्टिकोण हुनु पर्दछ, वस्तुको महत्वको न त अतिसयोक्तिकरण गर्न हुन्छ न त न्युनिकरण नै, सरल तरिकाले बोल्नु पर्दछ, सत्यको पक्षमा अडान लिनु पर्दछ र ईमान्दारी पूर्वक काम गर्नु पर्दछ । हामीले एउटा कुरा भन्ने अर्को कुरा गर्ने, आत्मले नमान्ने तर मुखले स्वीकार्ने, सही र गलतलाई गोलमटोल गर्ने कपटी कार्यशैलीको दृढता पूर्वक विरोध गर्नु पर्दछ । हामीले जे भन्छौं त्यो संग अन्तरविरोध राख्ने काम गर्न सक्दैनौ, मिटिङ्गमा जुन कुराको समर्थन गर्छौं वाहिर त्यसको खण्डन गर्न सक्दैनौ, न त हामी घमण्डले फुल्न, आफ्नो प्रभावलाई विस्तार गर्न र कम्युनिष्ट पार्टीमा छाडा वुर्जुवा कार्यशैली भित्र्याउन नै सक्छौं । कम्युनिष्टहरू भनेका सर्वहारा वर्गका अग्रदस्ता हुन् र हामी राजनीतिक मोर्चामा खुला र स्पष्ट, खुला ह्दयी, नम्र र विवेकशील हुनु पर्दछ, न घमण्डी हुनु हुन्छ न झर्को मान्ने नै र आफैलाई कडाईपूर्वक "चिरफार" गर्नु पर्दछ । यदि गल्ती गऱ्यौं भने हामीले ईमान्दारी पूर्वक ती गल्तीबाट सिक्नु पर्दछ, र तीनलाई सच्याउनु पर्दछ । हामीले उपचार हुनबाट जोगिनका निमित्त विरामी लुकाउन चाहेको जस्तो हुने गरी काम गर्न हुदैन, गल्ती लुकाउन वा आलोचना अस्वीकार गर्न हुंदैन न त अर्कोले गरेको अति प्रशंसामा रमाउन नै हुन्छ । यहा सम्म कि, न त हामीले गल्तीलाई अरु माथि थोपर्न वा त्यसको औचित्य सिद्धगर्न प्रयास गर्न नै हुन्छ । अध्यक्ष माओले भन्नु भएको छ, "मलाई विश्वास छ हामीले ईमान्दारी पूर्वक काम गर्नु पर्दछ, किनभने ईमान्दार मनोभाव विना यो संसारमा कुनै पनि काम सम्पन्न गर्न पूर्णतः असंभव छ ।" हामीले अध्यक्ष माओको यो शिक्षालाई पूर्णतया अनुसरण गर्नु पर्दछ, ईमान्दारी पूर्वक बोल्नु र काम गर्नु पर्दछ र सिधा, खुलस्त र ईमान्दार जनता बन्नु पर्दछ ।

"तीन गर र तीन नगर" भन्ने सिद्धान्त दुई-लाईन संघर्ष संचालन गर्न हामीलाई निर्देशित गर्ने शक्तिशाली वैचारिक हतियार हो । हामीले यी तीन सिद्धान्त संबन्धि अध्यक्ष माओका शिक्षालाई अनुसरण गर्नु पर्दछ र वर्तमान वा भविष्यमा हुने लामो संघर्षको प्रक्रियामा तीनलाई प्रयोग गर्न हामीले हाम्रो मुटुमा सजाएर राख्नु पर्दछ । हामी यी तीन सिद्धान्तमा अडिग रहनु पर्दछ र समाजवादी क्रान्तिलाई अन्तसम्म पुऱ्याउनका निम्ति सक्रिय र सही तरिकाले पार्टीमा दुई-लाईन संघर्ष संचालन गर्नु पर्दछ ।

*(चिनियाँ कम्युनिष्ट पार्टीबारे आधारभूत बुझाइ पुस्तकबाट)*

## हेडक्वार्टर...

हेडक्वार्टर र उपाधिलाई स्याबासी दिए । स्वागत गरे र आफ्नो मुलुकमा प्रवेश खुलेको सुचना जारी गरे ।

अचेल हेडक्वार्टरलाई राम्रोसँग निद्रा पर्ने गरेको छैन । बेचैन छ ऊ । न त भोकको महसुस नै हुने गरेको छ, न त निद्राको । भित्रै छटपटी, बाहिरै छटपटी । आफ्नो शरीरका तन्तु गल्दै गएको महसुस गरिरहेछ ऊ । उसो त उसलाई सांसारिक जीवनका सबै सुखसुविधा र भोगविलासको कुनै कमी छैन । क्षणभरमा संसारका कुनै पनि कुनामा जाने निर्णय गर्न स्वतन्त्र छ ऊ । उसले आफ्नो इच्छा प्रकट मात्र गर्नु पर्छ, भारदारहरूले त्यसको सम्पूर्ण बन्दोवस्ती मिलाउँछन् र ख्वामितका पाउमा तयारी पुरा भएको जाहेरी गर्न हाजिर हुन्छन् । उसका इच्छा मुताविकका पक्वानहरू तत्क्षण तयार हुन्छन् । अहँ ! उसलाई यतिले पनि चैन दिन सकेको छैन । खुसी दिन सकेको छैन । मनमा सुनामी उर्लेको उर्ल्यै छ । दिनभरको थकान मेटाउने र दुईचार घण्टाको रात आरामले विताउने काममा रेडलेबल र ब्ल्याकलेबलले साथ दिन्थे । अहिले त ती पनि फिका भैसके । एउटा रौँ पनि हल्लाउन सके पो । कस्तो बिडम्बना ! अकल्पनीय बर्गउत्थान हुँदा पनि बेचैन । केही नहुँदा पनि बेचैन । यो मानिस भन्ने जन्तु नै अजिव छ ।

जीवनका अनेकौँ घुम्ती र मोडहरू पार गरेको छ उसले । बरू अप्ठ्यारा मोडहरूमा पनि शान्ति थियो उसलाई । हेडक्वार्टर हुनुको सान-सौकत नै बेग्लै थियो । आफ्ना अगाडि सबै नतमस्तक हुन्थे । अहिले बाटाघाटै बेइज्जत गर्न सिङ उध्याउँछन् तिनै दौँतरीहरू । कस्तो अचम्म । के भएको हो यो ।

एउटा समयमा जब ऊ पदोन्नति भएको थियो, उसको नामाकरण भयो 'हेडक्वार्टर' । अब उसका दौँतरीहरूले पनि उसलाई नामबाट सम्बोधन गर्दैनन् । कामरेड हेडक्वार्टर भन्छन् । हुन त उसको नाम पटकपटक बदलिएको छ । छत्रबाट कमल, त्यसपछि विशाल अनि निर्माण । केके हो केके । अहिले ऊ कामरेड हेडक्वार्टरले नै सम्बोधित छ । कसैकसैले एचक्यु पनि भन्छन् उसलाई । आफूभन्दा तलकाहरूका निम्ति त ऊ कलियुगको 'भगवान' नै थियो । माहाभारतमा बर्णित कृष्णलिलाकै अवतार जस्तो मानिन्थ्यो ऊ । उसको नेतृत्वमा विशाल फौज मेची-काली फैलिएका थिए । कलियुगको महाभारतकै लडाइँ चलेथ्यो । कुरुक्षेत्र जस्तै बनेको थियो देश । युद्धका बेला उसले एउटा बेग्लै सपना देखेको थियो । आफ्नो देश त के संसार हल्लाइदिन्छु भन्थ्यो ऊ । परन्तु समयक्रमले ऊ आफैँ हल्लिरहेछ यतिखेर ।

सूत्रधारले कमरेड छत्र कसरी हेडक्वार्टरमा रूपान्तरित भयो र कसरी ऊ आज बेचैन छ भन्ने कुराको बेलीविस्तार लगायो । युद्धका अनेकौँ घटनाक्रमहरूको नालीबेली बतायो । उसले पहिला त सहरमा गनेचुनिएको सभाहलमा यी सबै घटनाक्रमको जानकारी गराउन आफ्ना सुभेच्छुक समर्थकहरू भेला पारेको थियो । पछि उसका कुरा सुन्न गाउँगाउँबाट मान्छे ओइरिन थाले । सभाहल खचाखच भरियो । मान्छे अटनखटन भए । भीडबाट जुरुक्क उठेर चर्को चर्को स्वरमा कराउँदै एउटाले भन्यो 'सूत्रधार ! बाहिर मञ्चमा आउनु पऱ्यो । अब यस्तो कुरा आफैमा सीमित राख्नु भएन । सार्बजनिक गर्नुपऱ्यो र सबैलाई जानकारी गराउनु पऱ्यो । सुचना पाउनु जनताको अधिकार हो ।'

'हो हो' भन्दै अरूहरू पनि जऱ्याकजुरुक उठे र भने 'यो हेडक्वार्टर गद्दार हो, धोकेबाज हो । अब यसको पछि लाग्नु हुन्न ।' हलमा सबैले तालि बजाए । धेरैबेरसम्म तालि बजिरह्यो । हलमा नारबाजी नै हुन थाल्यो । 'अब गद्धार र धोकेबाजहरूलाई छोडिन्न ।'

'हो हो छोडिन्न । छोडिन्न ।' सबै एकस्वरमा कराए । हलबाट सबै निस्किए । सूत्रधार अघि लाग्यो । अरु सबै पछि लागे । नाराबाजी गर्दै सहरको मूल सडकमा विशाल ऱ्याली निस्कियो । रातो कपडामा हँसिया हथ्योडा अङ्कित विशालकाय झण्डा हातहातमा लिएर शीरमा कफन काँधेर राता भेष्ट लगाएको जुलुसले सहर राताम्य भयो । विद्रोहको दुन्दुभी बज्यो । जुलुस धेरै अघि बढिसकेको थियो । नेपथ्यमा आवाज रोकिएको थिएन 'युद्ध जारी छ ! युद्ध जारी छ ! धोकेवाज र गद्दारहरू मूर्दावाद !'

२५ फागुन २०७०, तुलसीपुर, दाङ ।

*hmdukhi@gmail.com*

## देजमो ललितपुरद्वारा श्रद्धाञ्जली व्यक्त



ललितपुर । देशभक्तजनगणतान्त्रिक मोर्चा, नेपाल ललितपुरले एक वक्तव्य जारी गरी प्रदेशसभा सदस्यकाउम्मेदवार समेत रहेका नगेन्द्र महर्जनका बुवा नारायणकाजी महर्जनप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ ।

मोर्चाकी जिल्ला संयोजक इन्दिरा अधिकारीले आइतबार वक्तव्य जारी गर्दै पौष १९ गते निधन हुन पुग्नुभएका ८९ वर्षे महर्जनको शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्नुभएको छ । ललितपुर महानगरपालिका वडा नं. २८ निवासी महर्जनका श्रीमती र तीन छोरा र एक छोरी रहेका छन् ।












**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, फोटोः जय दाहाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।